जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक १०३ • २०८३ साल भाद्र १५ गते सोमवार (31 August, Monday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।–

## सप्तकोशी: उच्च सतर्कता अपनाउन अपील

**टुडे समाचारदाता**

राजविराज। सप्तकोशी नदीमा पानीको सतह बढ्न थालेपछि स्थानीय प्रशासनले उच्च सतर्कता अपनाउन आग्रह गरेको छ। नदी तटीय क्षेत्रका बासिन्दाहरूलाई सुरक्षित रहन र नदी किनारमा गरिने जोखिमपूर्ण गतिविधि नगर्न आग्रह गरेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ।

आइतबार सार्वजनिक गरिएको विवरण अनुसार कोशी ब्यारेजमा पानीको बहाव १ लाख ७६ हजार ८ सय क्यूसेक पुगेको छ, जुन खतराको तह हो।

नदीमा पानीको बहाव बढ्दो क्रममा रहेको र पश्चिमतिर कटान शुरु भएका कारण यसलाई खतराको सूचीमा राखिएको छ। हाल कोशी ब्यारेजका ५२ वटा ढोकामध्ये १८ वटा खोलिएका छन्।

गत वर्ष सप्तकोशीमा पानीको बहाव ६ लाख ६१ हजार ५ क्युसेक पुगेको थियो। जुन सन् १९६८ को ७ लाख ८८ हजार २०० क्युसेक पछिकै उच्च हो। त्यसबेला कोशी ब्यारेजका गेटहरूभन्दा माथिबाटै पानी बग्न थालेको थियो।

### भोटेकोशी महाविपत्तिको पाँचौं दिन

# सुरुङभित्र सयौं श्रमिक, उद्धारको पर्खाइमा आफन्त

**टुडे समाचारदाता**

जनकपुरधाम। भोटेकोशी र त्रिशूली नदीमा आएको विनाशकारी बाढीको पाँचौं दिनसम्म पनि मानवीय क्षतिको पूर्ण विवरण आउन सकेको छैन। रसुवाको भोटेकोशीबाट शुरु भएको बाढीले नुवाकोट, धादिङ, गोरखा, तनहुँ, चितवन, नवलपरासी पूर्व र पश्चिमसम्म ठूलो क्षति पुऱ्याएको छ। नदीको बहावसँगै बगेका मानिसको खोजीका क्रममा तल्लो तटीय क्षेत्रमा समेत शव भेटिने क्रम जारी छ।

पछिल्लो समेकित विवरणअनुसार हालसम्म ७८८ जनाको शव फेला परेको छ भने ८ हजार ७३० जनाको उद्धार भएको र २ हजार ५०२ जना अझै सम्पर्कविहीन छन्। खोजी तथा उद्धारमा १९ हजार ८९५ सुरक्षाकर्मी परिचालित छन्। विभिन्न अस्पतालमा उपचाररत तथा उपचारपछि डिस्चार्ज भएका घाइतेको संख्या २३९ रहेको छ।

नेपाल प्रहरीले यसअघि विभिन्न जिल्लाबाट ७६८ शव फेला परेको जनाएको थियो। तीमध्ये चितवनमा २६४, नवलपरासी पूर्वमा १९४, नवलपरासी पश्चिममा १००, गोरखामा ५८, नुवाकोटमा ५२, धादिङमा ५०, तनहुँमा ३७ र रसुवामा १३ शव फेला परेका थिए।

बाढीको सबैभन्दा गम्भीर मानवीय संकट जलविद्युत् आयोजनाका सुरुङ र पावरहाउसमा देखिएको छ। स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान) ले जनाए अनुसार रसुवा र नुवाकोटका ११ जलविद्युत् आयोजनाका ८९८ कर्मचारी तथा श्रमिक सम्पर्कविहीन छन्। ठूलो संख्यामा उनीहरू सुरुङ तथा पावरहाउसमा फसेको अनुमान गरिएको छ।

२१६ मेगावाटको माथिल्लो त्रिशूली-१ मा मात्रै ५७६ जना सम्पर्कविहीनमध्ये २५४ जनाको उद्धार भएको र करिब ३०० जना



सुरुङभित्रै रहेको बताइएको छ। २० मेगावाटको लाङटाङ खोला आयोजनामा ४२ जना सम्पर्कविहीनमध्ये १८ जनाको उद्धार भएको र २५ जना सुरुङभित्र रहेको जनाइएको छ। ६० मेगावाटको माथिल्लो त्रिशूली-३ 'ए' मा ४२ जना सुरुङभित्र फसेको अनुमान छ।

त्यस्तै, माथिल्लो त्रिशूली-३ 'बी'मा १२२ जना सम्पर्कविहीनमध्ये ९१ जनाको जीवित उद्धार भएको छ। रसुवागढीमा ९३, रसुवा-भोटेकोशीमा चार, चिलिमेमा आठ र मैलुङ खोलामा सात जना सम्पर्कविहीन रहेको विवरण छ। नुवाकोटको मिडल त्रिशूली गंगामा दुई, त्रिशूली जलविद्युत्मा एक र देवीघाट जलविद्युत्मा एक जना सम्पर्कविहीन छन्।

माथिल्लो त्रिशूली-३ 'ए' आयोजनामा नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीको संयुक्त टोलीले सुरुङभित्र पस्ने प्रयास गरिरहेको छ। सेनाले सुरुङको क्राउन हेडमा करिब २-३ फिटको प्वाल बनाएर डोरीको सहायताले टोली भित्र पठाएको थियो। भित्रबाट आवाजको प्रतिक्रिया नआएपछि प्वाल फराकिलो बनाउने वा ब्लास्टिङमार्फत प्रवेश गर्ने तयारी भएको छ।

तर माथिल्लो त्रिशूली-१ र लाङटाङजस्ता दुर्गम आयोजनामा अझै प्रभावकारी उद्धार शुरु हुन नसकेको भन्दै आफन्त तथा आयोजनाका प्रवर्द्धकले चिन्ता व्यक्त गरेका छन्। सुरुङभित्र अक्सिजन, तापक्रम, खाना र पानीको अवस्था अज्ञात रहेकाले समय थपिँदै जाँदा जोखिम बढेको उनीहरूको भनाइ छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले उद्धारमा भौगोलिक जटिलता, उपकरण तथा जनशक्तिको अभावका कारण ढिलाइ भएको जनाएको छ। कार्यकारी प्रमुख धर्मराज उप्रेतीका अनुसार जोखिमयुक्त क्षेत्रमा भारतीय र चिनियाँ विशेषज्ञसहित अत्याधुनिक स्क्यानिङ उपकरण परिचालन गरिएको छ। उपकरणबाट सुरुङभित्र जीवित वा मृत अवस्थामा रहेका व्यक्तिको पहिचान गर्ने प्रयास भइरहेको छ।

इप्पानसहित नेपाल इन्जिनियर्स एसोसिएसन र नेपाल टनेलिङ एसोसिएसनले भने निजी आयोजनालाई समेत आफ्नै खर्चमा हेलिकप्टर तथा आवश्यक उपकरण प्रयोग गर्न दिन र प्रशासनिक प्रक्रिया सहज बनाउन माग गरेका छन्। उनीहरूले विपद्का बेला सरकारी-निजी विभेद नगरी उपलब्ध सबै स्रोतसाधन तत्काल परिचालन गर्न आग्रह गरेका छन्।

धुन्चेमा सुरुङभित्र हराइरहेका आफन्तको खोजीमा आएका परिवारको पीडा दिनप्रतिदिन बढ्दै गएको छ। उद्धारमा भइरहेको ढिलाइप्रति उनीहरूले सरकारसंग आक्रोश व्यक्त गरिरहेका छन्। पाँच दिनसम्म पनि सुरुङभित्र रहेका आफन्तको अवस्था थाहा नपाउँदा उनीहरू जीवित भेटिने आशा र अनिश्चितताको बीचमा छन्।

उता, नदी किनारमा ६०० सुरक्षाकर्मीको संयुक्त टोली, हेलिकप्टर र तालिमप्राप्त कुकुर परिचालन गरी ३० वटा आधार क्षेत्रमा खोजी जारी छ। सडक र पुल क्षतिग्रस्त भएकाले ढुंगे-त्रिशूली क्षेत्रमा तुइन तथा देवीघाटमा बेलिब्रिजजस्ता अस्थायी संरचना निर्माण भइरहेको छ।

# कृष्णभीरमा पहिरो, वैकल्पिक मार्ग निर्धारण

**टुडे समाचारदाता**

जनकपुरधाम। विनासकारी बाढी प्रभावित क्षेत्रमा राहत पुऱ्याउन आवश्यक रहेको बेला आइतबार धादिङ जिल्लाको कृष्णभीरमा पहिरोले सडक बगाएको छ।

राजमार्ग अवरुद्ध भएसँगै संघीय राजधानी जोड्ने मुख्य लाइफलाइन पृथ्वी राजमार्ग पुनः अवरुद्ध बनेको छ। पहिरोले सडक नै बगाएकोले तत्काल सो राजमार्गमा सवारी साधन सञ्चालनमा कठिनाइ भएको छ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरले आइतबार साँझ जारी गरेको सुचना अनुसार काठमाण्डुबाट भित्रिने र बाहिरिने सवारी साधनका कारण अहिले सो जिल्ला हुँदै सवारी आवागमनको चाप बढेको छ।

जिल्ला प्रशासन कार्यालयले राजमार्गमा सवारी साधनको चाप अत्यधिक बढेकोले अत्यावश्यक कामविना काठमाण्डु तर्फको यात्रा नगर्न सचेत गराएको छ। कार्यालयले मालबाहक सवारी साधनलाई कान्ती लोकपथ हुँदै काठमाण्डु आवागमन गर्न रुट तोकेको छ।

प्रशासन कार्यालयका प्रशासकीय अधिकृत सन्तोष सुवेदीले जनाए अनुसार १४ सिट भन्दा ठूला यात्रुबाहक सवारी साधन त्रिभुवन राजपथ हुँदै काठमाण्डु जाने र सोही मार्गबाट फर्कने व्यवस्था मिलाइएको छ। १४ सिट भन्दा सानो क्षमताका यात्रुबाहक सवारी साधनलाई भीमफेदी-देउराली हुँदै काठमाण्डु तर्फ जाने र आउने व्यवस्था मिलाउन कार्यालयले अनुरोध गरेको छ।

यस अवधिमा कुनै पनि राजमार्गमा धैर्य र अनुशासन कायम गर्न प्रशासन कार्यालयले भनेको छ। ट्राफिक व्यवस्थापनमा खटिएका सुरक्षाकर्मी र ट्राफिक प्रहरीको निर्देशन पूर्ण पालना गर्न समेत कार्यालयले आग्रह गरेको छ।

पृथ्वी राजमार्गको कृष्णभीरमा गएको पहिरोको सडक विभागले



प्राविधिक अध्ययन शुरु गरिसकेकोछ। सडक विभागको रिर्पोटपछि मात्र पुनर्निर्माणको समय तय हुने बताइएको छ। सो क्षेत्र यसअघि लामो समय पहिरोग्रस्त बनेको थियो।

बर्दिबास-सिन्धुली हुँदै काठमाण्डु आउजाउ गर्ने सवारी साधनको लागिपनि राजमार्ग सहज भइसकेको छैन् ।पहाडमा वर्षा हुँदा नदीमा बाढी आउने भएकोले सवारी साधन रोक्नु परिरहेको छ।

कृष्णभिरको पहिरोले राजधानी काठमाण्डुबाट बाहिरिने सवारी साधनहरु रोकिएका छन्। सवारी साधनहरुलाई बाहिर निकाल्न बैकल्पिक मार्गहरु सुझाइएको छ। तर सवारी साधनहरु आइतबार साँझसम्म बाहिरिएको छैन।

यात्रुवाहक र मालवाहक सवारी साधनहरु रोकिएपछि विपद्को समयमा झन कठिनाइ भएको छ। काठमाण्डुबाट सवारीसाधन बाहिर पठाउने र बाहिरको सवारी साधनलाई काठमाण्डु पठाउन प्रशासन कार्यालय, ट्राफिक प्रहरी र सडक विभाग जुटेको छ।

यसैबीच नेपाल प्रहरीले आइतबार साँझ ५ बजेसम्मको अध्यावधिक विवरण सार्वजनिक गर्दै यात्रुहरूलाई सचेत रहन र बैकल्पिक मार्गको प्रयोग गर्न अनुरोध गरेको छ। प्रहरीले कान्तिलोकपथ सडक खण्ड अन्तर्गत बागमती गाउँपालिका वडा नं. ०३ भट्टेडाँडा पाण्डुरमा आइतबार दिउँसो १४:४० बजे पहिरो खसेका कारण उक्त सडकखण्ड पूर्ण रूपमा अवरोध भएको जनाएको छ। मेची राजमार्ग अन्तर्गत इलाम नगरपालिका वडा नं. ९ राजदुवाली (झापा देखि ताप्लेजुङ सडक) मा अविरल वर्षाका कारण सडक पूर्णरूपमा अवरोध भएको छ। उक्त स्थानमा अर्को वैकल्पिक बाटोको व्यवस्था गरिएको छ।

वीपी राजमार्गमा सम्भावित बाढीका कारण साँझ ४ बजेदेखि बिहान ४ बजेसम्म अर्को सूचना नभएसम्मका लागि सम्पूर्ण सवारी साधन सञ्चालनमा रोक लगाइएको प्रहरीले जनाएको छ। बिहान ४ बजेदेखि साँझ ४ बजेसम्म परिस्थिति विचार गरी सवारी साधन चलाउन दिइनेछ। कान्तिलोकपथ अन्तर्गत हेटौँडा- ठिंगन- बागमती- ललितपुर खण्डमा सम्भावित बाढी र पहिरोको जोखिमका कारण साँझ ५ बजेदेखि बिहान ५ बजेसम्म) सवारी साधन सञ्चालनमा रोक लगाइएको छ।


त्रिशुली मैलुङ स्याफ्रुबेशी सडक खण्डको उत्तरगया गाउँपालिकाको वडा नं. ५ खाल्टेमा बाढीका कारण सडक पूर्ण रूपमा अवरोध भएको छ। यो अवरोध लामो समयसम्म रहने जनाइएको छ। यस्तै, अन्य मुख्य राजमार्गका सबै क्षेत्रहरूमा पनि बाढीका कारण सडक पूर्ण अबरुद्ध छ। टोखा छहरे सडक खण्डको शिवपुरी गाउँपालिका घट्टेखोलामा सम्भावित बाढी र पहिरोका कारण राति १० बजेदेखि बिहान ५ बजेसम्म सवारी सञ्चालनमा रोक लगाइएको छ। त्यसैगरि पसाङ ल्हामु सडक खण्ड पनि बाढीका कारण पूर्ण रूपमा अवरुद्ध छ।

अरनिको राजमार्ग अन्तर्गत भोटेकोशी गाउँपालिका- २ स्थित कोदारीमा बिहान ७ बजे पहिरो जाँदा सडक पूर्ण रूपमा अवरुद्ध भएको छ।

बेनी जोमसोम सडक खण्ड अन्तर्गत रघुगंगा गाउँपालिका २ बैंसरीमा बिहान ५ बजे पहिरो खसेका कारण यातायात पूर्ण रूपमा अवरुद्ध भएको प्रहरीले जनाएको छ।

मुगु नाग्म देखि मुगु गमगढी आउने सडक खण्ड अन्तर्गत छाँयानाथ रारा नगरपालिका वडा झ्यारीखोला र टोक्लास्थित सडकमा दिउँसो साढे २ बजे पहिरो जाँदा सडक पूर्णरूपमा अवरुद्ध भएको छ।

नेपाल प्रहरीले अवरुद्ध सडकहरू खुलाउने प्रयास भइरहेको जनाएको छ। मौसम प्रतिकूल रहेकाले अत्यन्त आवश्यक अवस्थामा बाहेक यात्रा नगर्न र यात्रा गर्नु अघि नजिकको प्रहरी कार्यालय वा कन्ट्रोल रूममा सम्पर्क गरी सडकको अवस्था बुझ्न प्रहरीले सर्वसधारणलाई अनुरोध गरेको छ।



## पोखरा महानगरले थाल्यो राहत सङ्कलन अभियान

गण्डकी । रसुवाको भोटेकोशी नदीमा गएको बाढीबाट प्रभावितहरूको राहत तथा पुनःस्थापनाका लागि पोखरा महानगरपालिकाले राहत सहयोग अभियान सञ्चालन गर्ने भएको छ।

बाढी प्रभावितहरूका लागि आवश्यक लत्ताकपडा, खाद्यान्न, बन्दोबस्तीका सामग्री, औषधिलगायत सामग्री सङ्कलनका लागि राहत अभियान सञ्चालन गर्न लागिएको हो। एकद्वार प्रणालीमार्फत राहत सङ्कलन तथा वितरण गरिने महानगरले जनाएको छ।

नगरप्रमुख धनराज आचार्यका अनुसार आजदेखि पोखरा प्रदर्शनी केन्द्रमा राहत सामग्री सङ्कलन कक्ष सञ्चालन गरिनेछ। इच्छुक सङ्घसंस्था र व्यक्तिलाई उक्त केन्द्रमा ल्याई राहत सामग्री सहयोग गर्न महानगरले सार्वजनिक रूपमा आह्वानसमेत गरेको छ।

सङ्कलित राहत सामग्री सम्बन्धित निकायसँगको समन्वयमा आवश्यकताअनुसार बाढी प्रभावित क्षेत्रमा एकद्वार प्रणालीमार्फत पारदर्शी रूपमा वितरण गरिने बताइएको छ। महानगरले यसअघि प्रधानमन्त्री दैवी प्रकोप उद्धार तथा राहत कोषमा रु ४५ लाख सहयोग गरेको थियो। रासस

# उपल्लो मुस्ताङमा हिमतालको जोखिम अनुगमन, समस्या नरहेको जानकारहरूको भनाइ

मुस्ताङ, । उपल्लो मुस्ताङका उच्च हिमाली क्षेत्रमा सम्भावित हिमताल तथा बाढीको जोखिमबारे स्थलगत र ड्रोनमार्फत अनुगमन सुरु गरिएको छ। हालसम्म अनुगमन गरिएका क्षेत्रमा तत्काल कुनै सम्भावित जोखिमको सङ्केत नदेखिएको अधिकारीहरूले बताएका छन्।

भोटेकोशी बाढीपछि उपल्लो मुस्ताङमा पनि उच्च हिमाली क्षेत्रको विपद् जोखिम पहिचान तथा पूर्वतयारीलाई तीव्रता दिइएको हो। जिल्ला प्रशासन कार्यालय मुस्ताङको समन्वयमा सशस्त्र प्रहरी बल नेपालअन्तर्गत बीओपी नेचुङ, नेपाल प्रहरी, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) लोमान्थाङ तथा संरक्षण क्षेत्र व्यवस्थापन समितिको संयुक्त टोलीले कालीगण्डकी नदी प्रणालीका मुहान तथा उच्च पर्वतीय क्षेत्रको अनुगमन गरिरहेको छ।

एक्याप लोमान्थाङका प्रमुख उमेश पौडेलका अनुसार पहिलो



चरणमा नेपाल-चीन सीमास्थित १८ र १९ नम्बर सीमास्तम्भ नजिक कालीगण्डकी नदी प्रणालीका दुई मुहानको स्थलगत तथा ड्रोनमार्फत निरीक्षण गरिएको थियो। ती क्षेत्रमा हिमपातको अवस्था तथा सम्भावित जोखिमको मूल्याङ्कन गरिएको र हाल जोखिम नदेखिएको उहाँले जानकारी दिनुभयो।

अनुगमनको दोस्रो चरणमा लोमान्थाङ माथिको उच्च पर्वतीय क्षेत्रमा रहेको घ्याकरछु तालको निरीक्षण गरिएको छ।

समुद्रसतहबाट करिब पाँच हजार पाँच सय ५० मिटरको उचाइमा रहेको उक्त क्षेत्रमा ड्रोनमार्फत गरिएको निरीक्षणका क्रममा हिमनदीका ढिस्काहरू देखिए पनि तत्काल कुनै जोखिमको सङ्केत नदेखिएको पौडेलले बताउनुभयो।

अब लोमान्थाङको चुमजुङमाथि रहेको छुआमा पिकको शिर तथा लोघेकर दामोदरकुण्ड-१ चराङमाथिको पर्वतीय क्षेत्रको कालीगण्डकी नदी प्रणालीको अनुगमन गर्ने योजना रहेको उहाँले बताउनुभयो। ती क्षेत्रमा हिमताल रहेको जिपीएसबाट देखिएकाले स्थलगत निरीक्षण गर्न लागिएको उहाँको भनाइ छ।

गत वर्ष लोमान्थाङको चुमजुङमाथि छुआमा पिकबाट कालीगण्डकी नदी प्रणालीमा लेदोसहितको बाढी आएपछि स्थानीय क्षेत्रमा जोखिम बढेको थियो। उच्च हिमाली क्षेत्रमा हिमताल फुट्ने, हिमपहिरो जाने वा बाढी आउन सक्ने सम्भावनालाई ध्यानमा राख्दै नदीका मुहान तथा संवेदनशील क्षेत्रको नियमित अनुगमनलाई निरन्तरता दिइने एक्यापले जनाएको छ।

विपद्को सम्भावित जोखिम पहिचान, प्रारम्भिक चेतावनी तथा प्रभावकारी प्रतिकार्यका लागि उच्च हिमाली क्षेत्रमा नियमित अनुगमन र विपद् पूर्वतयारीलाई सुदृढ बनाइने भएको छ। रासस

# जंगलमा पाडो खोज्न गएका ५५ वर्षीय फुयाल मृत फेला, हत्याको आशंका


**टुडे समाचारदाता**

बारा । बाराको जितपुर सिमरा उपमहानगरपालिका-१६ टाडियाबस्तीका ५५ वर्षीय गुरु फुयाल भन्ने देवी फुयाल जंगलमा मृत फेला परेका छन्।

पाडो खोज्न जंगल गएका फुयालको शव जितपुरसिमरा-१७ स्थित काटघाट भैरव मन्दिर नजिक फेला परेको छ।

प्रहरीका अनुसार भदौ १२ गते जंगलमा पाडो हराएपछि फुयाल भोलिपल्ट बिहान करिब साढे ५ बजे पाडो खोज्न भन्दै घरबाट निस्किएका थिए। तर, साँझसम्म पनि घर नफर्किएपछि परिवारले उनको खोजी सुरु गरेको थियो।

फुयालका सालो कृष्णप्रसाद मैनालीले भदौ १३ गते साँझ करिब साढे ५ बजे इलाका प्रहरी कार्यालय निजगढमा घटनाबारे जानकारी गराएपछि प्रहरी निरीक्षक दाताराम अधिकारीको कमाण्डमा १० जनाको टोली खोजीमा परिचालन गरिएको थियो।



खोजीका क्रममा फुयालको चप्पल, साइकल र शव भने फरकफरक स्थानमा फेला परेको स्थानीय कृष्ण बुढाथोकीले बताएका छन्। शव फेला परेको स्थान तथा घटनाको प्रकृति हेर्दा मृत्यु शंकास्पद देखिएको र हत्या भएको हुनसक्ने आशंका गरिएको छ।

प्रहरीले घटनास्थलबाट आवश्यक मुचुल्का तथा प्रमाण संकलन गरी शव पोस्टमार्टमका लागि पठाउने तयारी गरेको छ। घटनास्थलमा कोल्हबी र निजगढबाट प्रहरी टोली परिचालन गरिएको छ।

जिल्ला प्रहरी कार्यालय बाराका प्रमुख प्रहरी उपरीक्षक नरेन्द्र कुँवरले फुयालको मृत्युको वास्तविक कारण खुल्न नसकेको भन्दै घटनाबारे थप अनुसन्धान भइरहेको जानकारी दिएका छन्।

बारा प्रहरीले हत्या वा अन्य कारणबाट मृत्यु भएको भन्ने विषय पोस्टमार्टम रिपोर्ट तथा अनुसन्धानपछि मात्रै यकिन हुने जनाएको छ।

# पहिचान हुन नसकेका शवको देवघाटमा व्यवस्थापन गरिँदै

नारायणगढ । त्रिशूली तथा नारायणी नदी किनारमा फेलापरेका पहिचान हुन नसकेका शवलाई भविष्यमा आफन्तजनले पहिचान गर्न सक्नेगरी वैज्ञानिक विधिअनुसार चितवनको भरतपुर-१ स्थित देवघाट जङ्गलमा सुरक्षित रूपमा जमिनमुनि व्यवस्थापन गर्न थालिएको छ।

रसुवाको भोटेकोशी नदीमा गएको बाढीका कारण बगेर आएका शवलाई लामो समयसम्म राख्न सम्भव नभएपछि रेडक्रसको अन्तरराष्ट्रिय समिति (आइसीआरसी) को मापदण्डअनुसार वैज्ञानिक ढङ्गले जमिनमुनि व्यवस्थापन सुरु गरिएको हो।

चितवनको फिस्लिङदेखि गोलाघाटसम्मको नदी तटमा हालसम्म २५९ शव फेला परेका छन्। तीमध्ये नौ जनाको शवको पहिचान भई आफन्तलाई बुझाइसकिएको छ।

शनिबार पहिचान हुन नसकेका ९६ शवमध्ये पहिलो चरणमा डिएनएका लागि नमूना सङ्कलन गरिएका २६ शवलाई देवघाटमा जमिनमुनि व्यवस्थापन गरिएको छ भने बाँकी शव व्यवस्थापनको क्रममा रहेको जिल्ला प्रहरी कार्यालयका प्रमुख एवं प्रहरी उपरीक्षक रामेश्वर पौडेलले जानकारी दिनुभयो। डिएनएका लागि नमूना सङ्कलन सम्पन्न भएका तर आफन्तबाट पहिचान हुन नसकेका शवलाई क्रमशः देवघाटमा लगेर जमिनमुनि व्यवस्थापन गर्ने कार्य जारी रहनेछ। प्रत्येक शवलाई १.५ मिटर गहिरो खाडलमा एक-एक गरी राखिनेछ भने एउटा शव



र अर्को शवबीच ४० सेन्टिमिटरको दूरी कायम गरिनेछ। भविष्यमा डिएनए परीक्षणबाट पहिचान पुष्टि भएमा शव सहजै निकाल्न सकिने व्यवस्था मिलाइएको उहाँले बताउनुभयो।

प्रहरी उपरीक्षक पौडेलले भन्नुभयो, "प्रत्येक शवको हात वा खुट्टामा नष्ट नहुने सङ्केत ट्याग बाँधिएको छ। शव जमिनमुनि व्यवस्थापन गरेपछि ठ्याक्कै त्यसको माथि देखिने गरी स्ट्यान्ड राखेर सामान्य कङ्क्रिट ढलान गरिन्छ र सोही कोड नम्बर अङ्कित गरिन्छ।" भरतपुर अस्पतालका फरेन्सिक विज्ञ डा कश्यप श्रेष्ठले शवको पहिचानलाई केन्द्रमा राखेर फरेन्सिक, डेन्टल र अन्य स्वास्थ्यकर्मीको टोलीले संयुक्त रूपमा काम गरिरहेको बताउनुभयो। उहाँका अनुसार नदीमा धेरै दिन रहेका कारण शव सड्ने, गल्ने र बाह्य रूपमा पहिचान गर्न कठिन हुने भएकाले डिएनएका लागि आवश्यक जैविक नमूना सङ्कलन गरिएको हो।

डेन्टल टोलीले विशेषगरी पछाडिका मोलार दाँतबाट डिएनएका लागि नमूना सङ्कलन गरिरहेको उहाँले जानकारी दिनुभयो। डा श्रेष्ठका अनुसार प्रत्येक शवको ट्याग कोडअनुसार डिएनएका लागि नमूना सङ्कलन गरिएको छ। भविष्यमा आफन्तबाट प्राप्त नमूनासँग मिलान गरी शवको पहिचान गर्न सकियोस् भनेर आवश्यक अन्य जैविक नमूनासमेत सुरक्षित रूपमा सङ्कलन गरिएको उहाँले बताउनुभयो।

भरतपुर अस्पतालका प्रवक्ता डा रामप्रसाद सापकोटाका अनुसार शुक्रबारसम्म चारवटा फरेन्सिक विज्ञ टोली परिचालन गरिएकामा शनिबार थप सात जनाको चिकित्सकीय टोली परिचालन गरिएको थियो। फरेन्सिक टोलीमा भरतपुर अस्पतालका दुई, चितवन मेडिकल कलेज र पुरानो मेडिकल कलेज भरतपुरका एक-एक, भेरी अस्पतालका एक तथा नेपाल मेडिकल कलेजका एक जना चिकित्सक रहेको उहाँले बताउनुभयो।

त्यसैगरी डिएनएका लागि नमूना सङ्कलन तथा अन्य चिकित्सकीय कामका लागि थप टोलीसमेत परिचालन गरिएको छ।

डिएनएका लागि नमूना सङ्कलनमा खटिनुभएका पुरानो मेडिकल कलेज भरतपुरका दन्तरोग विशेषज्ञ डा प्रभास रोयले शवको दाँत तथा बङ्गाराबाट डिएनए नमूना सङ्कलन गरिएको बताउनुभयो। उहाँले भन्नुभयो, "दाँतबाट डिएनए नमूना सङ्कलन गर्न दुईदुई वटा दाँत र दाँत नभएका शवमा हड्डीका टुक्रा निकालेर फरेन्सिक टोलीलाई बुझाएका छौँ।"

अस्पतालका प्रवक्ता डा सापकोटाले ठूलो सङ्ख्यामा शव एकैपटक ल्याइएकाले व्यवस्थापनमा चुनौती रहे पनि स्वास्थ्यकर्मी, चिकित्सक तथा अन्य कर्मचारी परिचालन गरी काम भइरहेको बताउनुभयो। शवबाट अन्य रोग फैलिन नदिन अस्पतालले आवश्यक सतर्कता अपनाएको उहाँले जानकारी दिनुभयो। शव व्यवस्थापन तथा पहिचानको काममा जिल्ला सुरक्षा निकाय, स्वयंसेवक तथा विभिन्न सङ्घसंस्थाको समेत सहयोग रहेको उहाँले बताउनुभयो। रासस

## सवारीसाधन उपलब्ध गराउन निर्माण व्यवसायीको अपिल

काठमाण्डु । भोटेकोशी बाढीबाट प्रभावित भएका नागरिकको उद्धार तथा राहतका लागि नेपाल निर्माण व्यवसायी महासङ्घले आफ्ना देशभरका सदस्यसँग सवारीसाधन माग गरेको छ।

महासङ्घका महासचिव शिवहरि घिमिरेले शनिबार परिपत्र जारी गर्दै बाढीपीडितको सहयोगार्थ मिनीट्रक, पिकअपलगायतका सवारीसाधन उपलब्ध गराउन सम्पूर्ण सदस्यलाई अपिल गर्नुभएको हो। विज्ञप्तिमा भोटेकोशीको बाढीले रसुवा, नुवाकोट, धादिङलगायतका जिल्लामा अकल्पनीय मानवीय एवं भौतिक क्षति पुर्याएको उल्लेख छ। मुलुक अत्यन्त ठूलो पीडामा रहेको वर्तमान परिस्थितिमा सबैले आ-आफ्नो ठाउँबाट सहयोग गर्नु साझा दायित्व भएको महासङ्घले जनाएको छ।

बाढीबाट अतिप्रभावित रसुवा, नुवाकोटलगायत जिल्लामा भौतिक पूर्वाधार विकास मन्त्रालयसँगको समन्वयमा तत्काल राहत सामग्री पुर्याउन र हजारौँ बाढीपीडितलाई उद्धार गरी सुरक्षित गन्तव्यतर्फ लैजान सवारीसाधनको आवश्यकता परेको महासङ्घले स्पष्ट पारेको छ। उक्त मानवीय कार्यका लागि तत्काल पिकअप, मिनीट्रकजस्ता सवारीसाधन उपलब्ध गराइदिन सदस्यहरुलाई अनुरोध गरिएको छ। रासस

# भोटेकोशी बाढीः नाइमाद्वारा ५० लाख सहयोग

काठमाण्डु । रसुवाको भोटेकोशीमा आएको बाढीबाट प्रभावित नागरिकको राहत, उद्धार तथा पुनःस्थापनाका लागि नेपाल अटोमोबाइल इम्पोर्टर्स एण्ड म्यानुफ्याक्चरर्स एसोसिएसन (नाइमा) ले रु ५० लाख सहयोग गर्नेभएको छ।

नाइमाका अध्यक्ष ऋतु सिंह वैद्यले आज एक विज्ञप्ति जारी गरी रसुवाको भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावित नागरिकको राहत तथा पुनःस्थापनाका लागि रु ५० लाख प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने निर्णय भएको जानकारी दिनुभयो।

नाइमाले बाढीका कारण भएको ठूलो मानवीय तथा भौतिक क्षति भएकोप्रति गहिरो दुःख व्यक्त गर्दै मृतकप्रति श्रद्धाञ्जली र शोकसन्तप्त परिवारजनमा समवेदना प्रकट गरेको छ। विपद्को सुरुवाती समयदेखि नाइमामा आबद्ध सदस्य कम्पनीले आर्थिक,



यातायात तथा लजिस्टिक माध्यमबाट उद्धार कार्यमा सहयोग पुर्याउँदै आएका आज जारी विज्ञप्तीमा जनाइएको छ।

"हाम्रो स्थापना कालदेखि हामीले विपद्को समयमा सरकारलाई सहयोग गर्दै आएका छौँ, यसपटक पनि हाम्रा सदस्य कम्पनीले देखाउनुभएको तत्परता प्रशंसनीय छ। सरकार, निजी क्षेत्र र समुदायबीचको सहकार्यले मात्र राहत तथा पुनःस्थापना कार्यलाई प्रभावकारी बनाउन सकिन्छ", अध्यक्ष वैद्यले भन्नुभयो।

नाइमाले उद्धार कार्यमा खटिएका सुरक्षा निकाय, स्वास्थ्यकर्मी, स्वयंसेवक र स्थानीय समुदायको उच्च सम्मान गर्दै अटोमोबाइल तथा मोबिलिटी क्षेत्रका सम्पूर्ण सरोकार भएका निकायलाई आफ्नो क्षमताअनुसार सहयोगमा हातेमालो गर्नसमेत अपिल गरेको छ। रासस

## माइग्रेशन हरायो

मेरो निम्न ब्यहोरा भएको माइग्रेशन मिति २०८३/०५/०५ गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ।

**नाम : राम किशोर साह**
**रजिष्ट्रेशन नं.: ७-१-१४-१३९८-९७**
**ठेगाना:जि.ध. सबैला ना.पा.-३**
**मो.नं. ९८५४०२५३८०**

## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| **मेष :** | आज आम्दानीका नयाँ मार्गहरू खुल्नेछन्। |
| **वृष :** | कार्यक्षेत्रमा आफ्ना कामको प्रशंसा हुनेछ। |
| **मिथुन :** | आज भाग्यले साथ दिनेछ र धार्मिक तथा सामाजिक कार्यहरूमा मन जानेछ। |
| **कर्कट :** | आज स्वास्थ्य र खानपानमा विशेष ध्यान दिनुपर्ने देखिन्छ। |
| **सिंह :** | व्यापार(व्यवसायमा नयाँ अवसरहरू प्राप्त हुनेछन्। |
| **कन्या :** | प्रतिस्पर्धी तथा विरोधीहरूलाई पछाडि पार्दै आफ्ना योजनाहरू सफलतापूर्वक सम्पन्न गर्न सकिनेछ। |
| **तुला :** | रचनात्मक तथा बौद्धिक काममा सोचेभन्दा बढी सफलता मिल्नेछ। |
| **वृश्चिक :** | घरेलु तथा पारिवारिक विषयमा केही चासो वा चिन्ता बढ्न सक्छ। |
| **धनु :** | आफ्नो आत्मबल र कार्यक्षमतामा वृद्धि हुनेछ। |
| **मकर :** | आफ्नो बोलीको प्रभाव बढ्नेछ,। |
| **कुम्भः** | मनमा नयाँ ऊर्जा र उत्साह थपिनेछ। |
| **मीनः** | आज अनावश्यक काममा खर्च केही बढ्न सक्ने। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
**9812005378**

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

## भोटेकोशी बाढीः
# मध्यविन्दुका दुई वडाका १२ जना बेपत्ता



नवलपुर । गत बुधबार भोटेकोशी नदीमा गएको बाढीका कारण नवलपरासी (बर्दघाट-सुस्तापूर्व) को मध्यविन्दु नगरपालिकाका दुई वटा वडाका १२ जना नागरिक बेपत्ता भएका छन् । मध्यविन्दु नगरपालिका वडा नम्बर १ र ५ मा घर भई रसुवागढीको टिमुरेमा निर्माणाधीन तेन्जिन शेर्पा हाइड्रोपावर विल्डिङ कन्स्ट्रक्सनमा कार्यरत १२ जना भदौ १० गतेदेखि बेपत्ता भएका नगरपालिकाले जनाएको छ।

मध्यविन्दुका नगरप्रमुख भीमलाल अधिकारीका अनुसार बेपत्ता नगरवासीको खोजी कार्य भइरहेको भए पनि हालसम्म सम्पर्क हुन सकेको छैन । मध्यविन्दु-१ का तीन जना तथा मध्यविन्दु-५ का नौ जना नगरवासी हराइरहेका उहाँले जानकारी दिनुभयो ।

नगरपालिकाका अन्य नागरिक हराइरहेका हुनसक्ने भन्दै पालिकाले नगरवासी आफन्तसँग जानकारी माग गरेको नगरप्रमुख अधिकारीले बताउनुभयो।अधिकारीकाअनुसार मध्यविन्दु-१ का हेमबहादुर चौधरी, हुसनबहादुर थारु र कालीराम महतो थारु टिमुरेबाट बेपत्ता हुनुभएको छ । मध्यविन्दु-५ का जीवन विक, गङ्गाराम मुखिया, विशाल मुखिया, सीताराम महतो, युद्ध महतो उमेश, एकदेव महतो विजय, नुमनारायण महतो, केवलप्रसाद महतो, तेजबहादुर थारु बेपत्ता हुनुभएको उहाँले बताउनुभयो ।

नगरपालिकाले सार्वजनिक सूचना जारी गर्दै बेपत्ता नागरिकको तस्बिरसहितको जानकारी साझा गरिएको भन्दै अधिकारीले हराएका व्यक्ति कहींकतै कसैको सम्पर्कमा आएमा वा फेला परेमा मध्यविन्दु नगरपालिकाको सचिवालयको नं. ९८४७०७५९३२, ९८५७०४५१९० मा सम्पर्क गर्नुहुन अनुरोध गर्नुभयो ।

यसै क्षेत्रका सङ्घीय सांसद मनिष खनालले भोटेकोशीमा आएको बाढीका कारण मध्यविन्दु-५, बाघखोर र मध्यविन्दु-१ बाट कामको सिलसिलामा रसुवा पुग्नुभएका हाम्रा १२ जना नागरिक हालसम्म घट्टेखोला क्षेत्रबाट हराइरहनुभएको भन्दै खोजी कार्य भइरहेको बताउनुभयो ।

उहाँले मध्यविन्दु नगरप्रमुख, उपप्रमुख, पूर्वप्रमुख तथा स्थानीय जनप्रतिनिधिहरूसँगै हराइरहनुभएका नागरिकका परिवारजनसँग प्रत्यक्ष भेटघाट गरी हराएका नागरिकको पछिल्लो पटक सम्पर्क भएको विषयमा कुराकानी गरेको बताउनुभयो ।

सांसद खनालले टिमुरेमाथि घट्टेखोला क्षेत्रमा भइरहेको खोजी तथा उद्धार कार्यलाई प्रभावकारी बनाउनका लागि सम्बन्धित निकाय, सुरक्षा निकाय र स्थानीय प्रशासनसँग पुनः विशेष पहल र समन्वय गरेको बताउनुभयो । रासस

# सम्पर्कविहीन नागरिक खोज्न जनप्रतिनिधिको समूह भोटेकोशीमा



बागलुङ । बागलुङको तमानखोला गाउँपालिकाले भोटेकोशीमा सम्पर्कविहीन भएका नागरिकका पारिवारलाई रु. ३० हजारका दरले नगर राहत उपलब्ध गराउने भएको छ। गाउँपालिका भित्रका नौ जना नागरिक सम्पर्कविहीन भएको जनाउँदै गाउँपालिकाले नागरिक खोज्न जनप्रतिनिधिको समूह भोटेकोशीतर्फ लागेको हो।

रसुवाको भोटेकोशी नदीमा गएको बाढीमा परी सम्पर्कविहीन भएका तमानखोला गाउँपालिकाका नौ जना नागरिकका परिवारलाई गाउँपालिकाले प्रतिपरिवार रु. ३० हजारका दरले रु. दुई लाख ७० हजार तत्कालै राहत दिने भएको छ।

आकश्मिक बसेको गाउँ विपद् व्यवस्थापन समितिको बैठकले प्रकोप व्यवस्थापन कोषबाट नगद राहत उपलब्ध गराउने र सम्पर्कविहीनलाई खोज्न गाउँपालिकाका अध्यक्ष जोकलाल बुढाको नेतृत्वमा भोटेकोशीतर्फ लागेको हो।

सम्पर्कविहीन नागरिकको खोज तथा उद्धारका लागि सम्बन्धित निकायसँग विशेष पहल गर्ने र पीडित परिवारसँग निरन्तर सम्पर्कमा रहने गाउँपालिकाका अध्यक्ष जोकलाल बुढाले जानकारी दिनुभयो।

खोज तथा उद्दार कार्यको स्थलगत अनुगमन र समन्वयका लागि गाउँपालिका अध्यक्षको नेतृत्वमा चार सदस्यीय टोली शनिबारनै घटनास्थल भोटेकोशीतर्फ प्रस्थान गरेको छ । टोलीमा वडा नं. २ का अध्यक्ष नारायण सुनार, वडा नं. ३ का अध्यक्ष झकबहादुर बुढा र कार्यपालिका सदस्य हिक्मत जक्तपुरी रहेका छन् । विपद् व्यवस्थापनमा थप सहयोग पुऱ्याउन जनप्रतिनिधिले भदौ महिनाको मासिक सेवा सुविधाको २५ प्रतिशत तथा कर्मचारीले तहअनुसार एकदेखि तीन दिन बराबरको तलब विपद् व्यवस्थापन कोषमा जम्मा गर्ने निर्णयसमेत बैठकले गरेको छ।

गाउँपालिकाबाट विभिन्न जलविद्युत् आयोजनामा काम गर्न गएका नौ जना बाढीपछि सम्पर्कविहीन भएको छन्। तमानखोला गाउँपालिका-१, बोङ्गादोभान हिजाका ३७ वर्षीय पदमबहादुर घर्तीमगर, सोही ठाउँका ३२ वर्षीय इन्द्रकुमार विक, रिक्लाङ्कका २२ वर्षीय विष्णु घर्तीमगर, वडा नं. २ बोंगाखानीका ३७ वर्षीय भीमबहादुर छन्त्याल र ५२ वर्षीय खड्ग छन्त्याल, वडा नं. ३ तमानका २२ वर्षीय सञ्जय शिर्पाली र ५० वर्षीय दलप्रसाद बुढा तथा वडा नं. ४ लाम्मेलाका ५८ वर्षीय लाता कामी र ४७ वर्षीय भीमबहादुर विक छन् । रासस

## बाढी प्रभावित बोकेको बस दुर्घटना, ३२ जना घाइते



बर्दिया । रसुवाको भोटेकोशी नदीमा गएको बाढीपछि उद्धार गरिएका बाढी प्रभावित घर फर्किने क्रममा सवार यात्रुवाहक बस नवलपरासी पूर्वको डण्डामा दुर्घटनामा परेको छ। बसमा सवार ३८ जनामध्ये ३२ जना घाइते भएका छन्।

जिल्ला प्रहरी कार्यालय नवलपरासी पूर्वका प्रहरी नायब उपरीक्षक अनिल पण्डितका अनुसार घाइतेमध्ये २७ जना उपचारपछि घर फर्किएका छन्। पाँच जनाको उपचार भइरहेको छ। बर्दियाका नरेश थारू, अछामका विनोद नेपाली, बाँकेका श्यामु विक र रुकुम पूर्वकी ममता परियारको मध्यबिन्दु प्रादेशिक अस्पताल, नवलपरासी पूर्वमा उपचार भइरहेको उहाँले बताउनुभयो।

यस्तै, सुर्खेतकी रीता गन्धर्वको पुरानो मेडिकल कलेज, चितवनमा उपचार भइरहेको छ। रसुवाबाट उद्धार गरी काठमाडौं ल्याइएका बाढी प्रभावितलाई बोकेर बर्दियातर्फ आउँदै गरेको लु प्र ०१/००१ ख ०३८६ नम्बरको बस कावासोती नगरपालिका-१६, डण्डामा दुर्घटनामा परेको हो। रासस

## बागलुङका तीन जनाको सकुशल उद्धारः
# १६ जना अझै सम्पर्कविहीन



बागलुङ । बागलुङ स्थायी भई भोटेकोशी बाढीपछि सम्पर्कविहीन भएका तीन जनाको सकुशल उद्धार गरिएको छ।

बागलुङबाट कामदारको रूपमा तथा भ्रमणका लागि रसुवा पुगेका तीन जनाको सकुसल उद्धार गरिएको र १६ जना अझै सम्पर्कविहीन रहेको सूचना प्राप्त भएको जिल्ला प्रहरी कार्यालय बागलुङका प्रहरी प्रमुख प्रहरी उपरीक्षक फडिन्द्र प्रसाईंले जानकारी दिनुभयो।

जिल्लाका तीन जनालाई सकुशल उद्धार गरिएको शनिबार जानकारी आएको उहाँले बताउनुभयो । उद्धार गरी सुरक्षित स्थानमा राखिएकामा बागलुङका तीन जनाको वर्ष र नाम खुले पनि स्थानीय ठेगाना नखुलेको उहाँको भनाइ छ।

भोटेकोशी क्षेत्रको टिमुरेबाट २९ वर्षीय टमकुमारी थापा र रसुवाबाट ४४ वर्षीय गिरीप्रसाद बुढामगर र ४१ वर्षका धनबहादुर विकलाई सकुसल उद्धार गरिएको प्रहरीले जनाएको छ।

जिल्लाबाट अझै १६ जना सम्पकविहीन रहेका छन् । सम्पर्कविहीन हुनेमा जिल्लाको तमानखोला गाउँपालिकाका नौ जना, बागलुङ नगरपालिकाका चार ढोरपाटन नगरपालिकाका दुई, गलकोट नगरपालिकाका एक गरी १६ जना अझै सम्पर्कविहीन भएको प्रहरीको भनाइ छ।

तमानखोला गाउँपालिका-१, बोङ्गादोभान हिजाका ३७ वर्षीय पदमबहादुर घर्तीमगर, सोही ठाउँका ३२ वर्षीय इन्द्रकुमार विक, रिक्लाङ्कका २२ वर्षीय विष्णु घर्तीमगर, वडा नं. २ बोंगाखानीका ३७ वर्षीय भीमबहादुर छन्त्याल र ५२ वर्षीय खड्ग छन्त्याल, वडा नं. ३ तमानका २२ वर्षीय सञ्जय शिर्पाली र ५० वर्षीय दलप्रसाद बुढा तथा वडा नं. ४ लाम्मेलाका ५८ वर्षीय लाता कामी र ४७ वर्षीय भीमबहादुर विक छन्।

ढोरपाटन नगरपालिका-९, बोबाङका २० वर्षीय तुलबहादुर विक र ढोरपाटन नगरपालिका-४, सिमिकाका २३ वर्षीय वीजेन्द्र घर्ती र गलकोट नगरपालिका-२, नरेठाँटीका २७ वर्षीय रमेश सुनार बाढीमा बेपत्ता भएको प्रसाइँले जानकारी दिनुभयो।

बागलुङ नगरपालिका-९, तित्याङको साल्बोटका ३३ वर्षीय इञ्जिनियर राजेश शर्मा पौडेल, उहाँकी ३१ वर्षीया श्रीमती इञ्जिनियर प्रमिला पाठक तथा उहाँहरूका पाँच वर्षीय जुम्ल्याहा छोराछोरी आदित्य र अदिति शर्मा पौडेल बाढीमा परी बेपत्ता भएका छन्। रासस

# 'पुरातात्विक महत्त्वका सम्पदाको संरक्षण गरिन्छ'



काठमाण्डु । बागमती प्रदेशका उद्योग, पर्यटन, श्रम तथा यातायातमन्त्री राजेन्द्र प्रजापतिले प्रदेशका पुरातात्विक महत्त्वका मूर्त, अमूर्त सम्पदाको संरक्षण एवं संवर्द्धन गरिने बताउनुभएको छ।

उहाँले प्रदेशमा पुरातात्विक, धार्मिक, सांस्कृतिक र ऐतिहासिक दृष्टिले महत्त्वपूर्ण सम्पदा धेरै रहेको उल्लेख गर्नुहुँदै तिनको संरक्षण र संवर्द्धन गरी धार्मिक पर्यटन प्रवर्द्धन गरिने बताउनुभयो। प्रदेशका मूर्त, अमूर्त सम्पदा भावी पुस्तालाई पनि हस्तान्तरण गर्नेगरी उचितरूपमा तिनको संरक्षण पनि गरिने मन्त्री प्रजापतिले बताउनुभयो ।

बागमती प्रदेशमा ऐतिहासिक, धार्मिक, सांस्कृतिक महत्त्वका जात्रा, पर्व पनि धेरै रहेको उल्लेख गर्नुहुँदै उहाँले तिनलाई लोप हुन नदिने, लोप भएका यस्ता सम्पदाका बारेमा जोजी गरी पुनःस्थापना गर्नेगरी प्रदेश सरकारले नीति र कानुन बनाउने भनाइ राख्नुभयो ।

प्रदेशमा मूर्त, अमूर्त सम्पदाको संरक्षण र संवर्द्धनमा विभिन्न निकायबाट आएको स्रोत, साधन एवं बजेट पारदर्शी गर्ने प्रतिबद्धता पनि मन्त्री प्रजापतिको छ। प्रदेशका १० जिल्लामा रहेका ६४ सिद्ध लिङ्गको प्रचारप्रसार गरी यी स्थलमा धार्मिक पर्यटन प्रवर्द्धन गराउन पनि मन्त्रालयले काम गर्ने उहाँको योजना छ । आराध्यदेव भगवान् पशुपतिनाथलाई त्रिप्रदक्षिणको रुवरूपमा काठमाडौं, भक्तपुर, काभ्रेपलाञ्चोक, सिन्धुली, मकवानपुर, धादिङ, नुवाकोट, ललितपुर, सिन्धुपाल्चोक र दोलखामा ६४ सिद्ध लिङ्ग रहेका छन्।

प्रदेशका उद्योगलाई क्षमता अनुसार सञ्चालनमा ल्याएर रोजगारी र उत्पादन प्रवर्द्धन गर्ने, धार्मिक, सांस्कृतिक सम्पदाका माध्यमबाट पर्यटक बढाउने पनि उहाँको भनाइ छ।

प्राकृतिक पर्यटकीय क्षेत्रको प्रचारप्रसार गरी प्रदेशमा धेरै पर्यटक भित्र्याउने कामलाई मन्त्रालयले प्राथमिकतामा राखेको छ।

मन्त्रालयको नेतृत्वमा प्रदेशका श्रमिकलाई न्यूनतम पारिश्रमिक दिलाउन लागिपर्ने र यातायात क्षेत्रलाई व्यवस्थित बनाई यात्रुलाई सहज एवं सुलभ रूपमा गन्तव्यमा लैजाने गरी वातावरण बनाइने मन्त्री प्रजापतिको भनाइ छ । रासस

## भोटेकोशी बाढी :
## खोज, उद्धार र राहत प्रभावकारी बनाउन सभापति लामिछानेको निर्देशन

काठमाण्डु । भोटेकोशी बाढीबाट प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहतका लागि भइरहेको प्रयासबारे राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले पार्टीका विभिन्न तह तथा निकायबाट 'ब्रिफिङ' लिनुभएको छ।

बाढी प्रभावितको उद्धार तथा राहतमा पार्टीका तर्फबाट भइरहेका गतिविधिबारे जानकारी लिएपछि सभापति लामिछानेले प्रभावकारी ढङ्गले काम गर्न पार्टीका सम्पूर्ण तह र निकायलाई निर्देशन दिनुभएको रास्वपाका प्रवक्ता जगदीश खरेलले जानकारी दिनुभयो।

उहाँका अनुसार सभापति लामिछानेले विपद्‌को समयमा प्रभावित नागरिकलाई तत्काल सहयोग पुऱ्याउने गरी उपलब्ध पार्टी संयन्त्र, स्वयंसेवक तथा सम्बन्धित निकायबीच आवश्यक समन्वय गर्न पनि निर्देशन दिनुभएको छ।

भोटेकोशी क्षेत्रमा बाढीका कारण प्रभावित तथा जोखिममा रहेका नागरिकको खोज, उद्धार र राहतलाई प्राथमिकतामा राख्दै पार्टीका सबै तहलाई सक्रिय रूपमा परिचालित हुन सभापति लामिछानेले आग्रह गर्नुभएको रास्वपाले जनाएको छ।

सभापति लामिछानेले प्रभावित पालिकाको सभापतिसँग पनि छलफल गर्नुभएको छ। रासस

# अहिलेको प्राथमिकता उद्धारसँगै शव सङ्कलन गर्नु हो: सञ्चारमन्त्री डा तिमिल्सिना

नुवाकोट । सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले बाढी प्रभावित क्षेत्रमा उद्धारसँगै शव सङ्कलन हाल सरकारको प्राथमिकतामा रहेको बताउनुभएको छ।

भोटेकोशी बाढी प्रभावित क्षेत्रमा भइरहेका उद्धार, राहत सामग्री वितरण तथा शव सङ्कलनलगायतमा सरकारले गरिरहेको कामबारे आज यहाँ राससलाई जानकारी गराउँदै मन्त्री डा तिमिल्सिनाले शव सङ्कलनकै लागि दुई वटा 'डेडिकेटेट' हेलिकप्टर सञ्चालन गरिएको जानकारी दिनुभयो।

मन्त्री डा तिमिल्सिनाले पूर्ण रुपमा विस्थापितलाई गाँसबाससहितको व्यवस्था गरी 'होल्डिङ सेन्टर'मा राखिएको बताउनुभयो। अहिले पनि विभिन्न जलविद्युत आयोजनाका सुरुङमार्गमा फसेका भनिएकाको जीवितै उद्धार गर्ने प्रयासमा सरकार अहोरात्र खटिरहेको उहाँको भनाइ थियो।

"बाढीबाट जोगिने क्रममा विभिन्न स्थानमा फसेकालाई खोज गरेर उद्धार गर्ने प्रयास भइरहेको छ", मन्त्री डा तिमिल्सिनाले भन्नुभयो, "जीवितै फेला पार्न सकिन्छ भन्ने आशा छ। संसारभर उद्धारको इतिहासमा त्यस्ता कतिपय चमत्कार भएका घटना पनि छन्।"

मन्त्री डा तिमिल्सिनाले तत्काललाई त्रिशूली नदी वारपार जोड्न तीन वटा स्थानमा बेलिब्रिज राख्न पहल गरिसकेको उल्लेख गर्नुभयो। त्यसका लागि देवीघाट, ढुङ्गे र बेत्रावती क्षेत्र प्राथमिकतामा रहेको उहाँले बताउनुभयो। रासस



# वैकल्पिक मार्गबाट पेट्रोलियम पदार्थ आपूर्ति गरिने



काठमाण्डु । त्रिशूली नदीमा आएको बाढीका कारण धादिङको बेनीघाट रोराङ गाउँपालिका-७ अन्तर्गत पृथ्वी राजमार्गको कृष्णभीर सडकखण्डमा कटान भई आवागमन अवरुद्ध भएपछि नेपाल आयल निगमले काठमाण्डु उपत्यका तथा आसपासका जिल्लामा एलपी ग्यास आपूर्तिका लागि वैकल्पिक व्यवस्था मिलाएको छ।

सडक अवरुद्ध हुँदा ग्यास ढुवानीमा असुविधा हुन सक्ने भएकाले एलपी ग्यास उद्योगीहरूसँग छलफल गरी वैकल्पिक आपूर्ति व्यवस्था गरिएको निगमद्वारा आज जारी विज्ञप्तिमा जनाइएको छ।

त्यसअनुसार बारा, पर्सा, चितवन, मकवानपुर, नवलपरासी तथा अन्य जिल्लामा रहेका ग्यास उद्योगहरूले आफूलाई पायक पर्ने अन्य ग्यास उद्योगसँग समन्वय गरी आफ्ना खाली बुलेट खुलाइ सिलिन्डर रिफिल गर्ने व्यवस्था मिलाउने छन्। कृष्णभीरको बाटो नखुलेसम्म ट्रकमा एलपी ग्यासका सिलिन्डर राखी वैकल्पिक मार्गबाट काठमाडौं उपत्यका तथा आसपासका जिल्लामा आपूर्ति गरी बिक्री वितरण गर्ने व्यवस्था गरिएको निगमले जनाएको छ।

त्यसैगरी पेट्रोलियम पदार्थ तथा एलपी ग्यासको आपूर्तिका लागि ट्याङ्कर तथा ट्रकलाई स्थानीय प्रशासनसँगको समन्वयमा वैकल्पिक मार्गबाट काठमाडौंसम्म ल्याई आपूर्ति सहज बनाउने व्यवस्था गरिएको निगमले जनाएको छ । निगमले बाढी तथा सडक अवरोधका कारण पेट्रोलियम पदार्थ र एलपी ग्यासको आपूर्तिमा समस्या नहोस् भन्ने उद्देश्यले वैकल्पिक मार्गबाट आपूर्ति व्यवस्थालाई निरन्तरता दिने जनाएको छ। रासस

# त्रिशूलीको बाढीले घ्याल्चोकको पुल बगायो


गोरखा । त्रिशूलीमा आज आएको बाढीले गोरखाको गण्डकी गाउँपालिका-८ घ्याल्चोक र पृथ्वीराजमार्गको चरौंदी जोड्ने झोलुङ्गे पुल बगाएको छ। बाढीले लगातार तीन घण्टा हानेपछि बिहान ११:३० बजेतिर पुल ढलाएर बगाएको स्थानीय विनोद नहर्कीले जानकारी दिनुभयो।

पुल लगेपछि गण्डकी गाउँपालिका ७ र ८ का बासिन्दा त्रिशूली तरेर राजमार्गतर्फ जान समस्या भएको छ। "घ्याल्चोकका करिब ४०० घरधुरी किसानले तरकारी र दूध बोकेर चरौंदीको कृषि सहकारीमा लैजाने मुख्य बाटो हो", उहाँले भन्नुभयो, "अब यहाँका किसानले तरकारी र दूध बेच्न नपाउने भए।"

यसअघि गत भदौ १० गते बुधबार आएको बाढीले यसभन्दा केही तल रहेको धवादीघाटको पुल लगेको थियो। सो पुल लगेपछि स्थानीयवासी घ्याल्चोकको पुल भएर वारपार गर्ने गरेका थिए। यो पुल लगेपछि स्थानीयवासीलाई समस्या भएको अर्का स्थानीय विजय रूपखेती बताउनुहुन्छ।

घ्याल्चोक-चरौंदी जोड्ने १३० मिटर लामो पुल छ वर्षअघि मात्र निर्माण भएको स्थानीयको भनाइ छ।रासस





**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# वाम एकताको आवश्यकता र आत्मसमीक्षाको सवाल

नेपालको वामपन्थी राजनीति फेरि एकपटक एकता, सहकार्य र आत्मसमीक्षाको बहसमा प्रवेश गरेको छ । पुष्पलाल स्मृति दिवसको अवसरमा आयोजित विचार गोष्ठीमा नेपाली कम्युनिष्ट पार्टीका सहसंयोजक तथा पूर्वप्रधानमन्त्री माधवकुमार नेपालसहित विभिन्न वामपन्थी नेता तथा बुद्धिजीवीहरूले कम्युनिष्ट शक्तिबीच मजबुत एकताको आवश्यकता औँल्याउनु यसै सन्दर्भमा अर्थपूर्ण छ । तर वाम एकताको चर्चा आफैँमा भने नयाँ होइन । पटक-पटक विभाजन, पुनःएकता र सत्ता-केन्द्रित संघर्षको चक्रबाट गुज्रिएको नेपाली कम्युनिष्ट आन्दोलनका लागि अब प्रश्न केवल 'एकता गर्ने कि नगर्ने' भन्ने होइन, कस्तो उद्देश्य, कस्तो राजनीतिक संस्कार र कस्तो कार्यक्रमका आधारमा एकता गर्ने? भन्ने हो । नेपालमा कम्युनिष्ट शक्तिले लोकतान्त्रिक परिवर्तन, सामाजिक न्याय, समावेशिता र जनजीविकाका सवालमा महत्वपूर्ण योगदान गरेको इतिहास छ । तर सत्तामा पुगेपछि जनअपेक्षाअनुसार काम गर्न नसक्नु, आन्तरिक लोकतन्त्र कमजोर हुनु, नेतृत्वमा व्यक्तिवाद हावी हुनु, गुटबन्दी तथा नातावाद-कृपावाद बढ्नु र पार्टीलाई जनतासँग जोड्नेभन्दा सत्ता प्राप्तिको साधन बनाउने प्रवृत्तिले वाम आन्दोलनको विश्वसनीयतामा प्रश्न उठाएको छ । यसर्थ पनि वाम एकताको आवश्यकता छ भन्दैमा विगतका कमजोरीलाई ढाकछोप गरेर अघि बढ्नु उचित हुँदैन । तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) ले झन्डै दुई तिहाइको जनमत प्राप्त गरेपछि पनि सरकार र पार्टी सञ्चालनमा देखिएको विवाद तथा अन्ततः भएको विभाजन नेपाली वाम आन्दोलनका लागि गम्भीर पाठ हो । त्यो अनुभवबाट शिक्षा नलिई पुनः अंकगणितीय एकताको प्रयास मात्र गरियो भने इतिहास दोहोरिन सक्छ । वामपन्थी शक्तिहरूबीच एकता हुनुपर्छ भन्ने धारणा स्वाभाविक रूपमा सकारात्मक छ। तर एकताको आधार पद, शक्ति र चुनावी लाभ हुनु हुँदैन । जनताको जीवनमा परिवर्तन ल्याउने साझा कार्यक्रम, लोकतान्त्रिक मूल्यप्रतिको प्रतिबद्धता, सामाजिक न्याय, सुशासन, आर्थिक रूपान्तरण र राष्ट्रिय हितजस्ता विषयमा न्यूनतम साझा दृष्टिकोण निर्माण गर्न सके मात्र यस्तो एकता दिगो बन्न सक्छ। त्यसैले चरणबद्ध सहकार्य, समन्वय र साझा कार्यक्रम निर्माण गर्दै एकताको प्रक्रिया अघि बढाउने विचार व्यावहारिक देखिन्छ । त्यसैगरी, वामपन्थी दलहरूले आफ्ना राजनीतिक दाबी र व्यवहारबीचको दूरी घटाउनुपर्छ। सुकुम्बासी, मजदुर, किसान, विद्यार्थी, ज्येष्ठ नागरिक, महिला तथा सीमान्तकृत समुदायका पक्षमा आफूले गरेका कामको दाबी गर्नु सकारात्मक भए पनि जनताले त्यसको मूल्यांकन वास्तविक परिणामका आधारमा गर्छन् । विगतका उपलब्धिको प्रचार मात्र पर्याप्त हुँदैन । वर्तमानका कमजोरी स्वीकार गर्ने र सुधारको ठोस प्रतिबद्धता देखाउने राजनीतिक इमानदारी पनि आवश्यक हुन्छ । वामपन्थी राजनीतिले जनताको दैनिक समस्या–रोजगारी, शिक्षा, स्वास्थ्य, महँगी, कृषि, आवास, सामाजिक सुरक्षा तथा अवसरको समानता–लाई केन्द्रमा राख्न सकेन भने केवल सत्ता र संगठनको समीकरणमा सीमित एकताले जनतालाई आकर्षित गर्न सक्दैन । वाम आन्दोलनको पुनर्जागरण नाराबाट होइन, जनताको जीवनमा देखिने परिवर्तनबाट हुनुपर्छ । अन्ततः नेपाली वामपन्थी आन्दोलनका लागि आजको सबैभन्दा ठूलो आवश्यकता केवल पार्टी एकता भन्दा पनि राजनीतिक संस्कारको रूपान्तरण आवश्यक छ । व्यक्तिपूजा, गुटवाद, अवसरवाद र सत्ता-केन्द्रित राजनीति त्यागेर संस्थागत निर्णय, आन्तरिक लोकतन्त्र, पारदर्शिता र जनउत्तरदायित्व स्थापित गर्न सके मात्र वाम एकताको अर्थ हुन्छ । पुष्पलालले परिकल्पना गरेको कम्युनिष्ट आन्दोलन जनताको मुक्ति, सामाजिक न्याय र लोकतान्त्रिक परिवर्तनसँग जोडिएको थियो। आजका वामपन्थी दलहरूले त्यही मूल प्रश्नतर्फ फर्किन आवश्यक छ । जनताको विश्वास पुनः जित्ने हो भने विगतका उपलब्धिको स्मरणसँगै विगतका असफलताको निर्मम समीक्षा गर्नुपर्छ । त्यसपछि मात्र साझा विचार, साझा कार्यक्रम र साझा राजनीतिक संस्कारका आधारमा एकताको यात्रा अघि बढाउन सकिन्छ ।

## भोटेकोशीको विपत्ति :

# शोकलाई शक्तिमा बदल्ने समय



● मेघनाथ ढकाल

यही १० भदौको बिहान तिब्बततर्फबाट भोटेकोसीहुँदै त्रिशूलीमा आएको असाधारण बाढीले केही घण्टामै नेपालको एउटा महत्त्वपूर्ण नदी कोरिडोरको स्वरुप बदलिदिएको छ । वर्षौं लगाएर बनेका बस्ती, सडक, पुल, विद्युत् आयोजना, प्रसारण संरचना, बजार र मानिसका जीवनभर लगाएर बनाएको सम्पत्ति केही मिनेटमै बाढीको भेलमा परे । कतिपय ठाउँको भू-स्वरुप नै बदलिएको छ । यस विपत्तिले फेरि सम्झाएको छ । हिमाली र पहाडी भूगोलमा विकास गर्नु र जोखिमलाई बुझेर विकास गर्नु एउटै कुरा होइन ।

घटनापछिका विवरण निरन्तर परिवर्तन भइरहेका छन् । ठूलो संख्यामा मानिसले ज्यान गुमाएका छन्, सयौँ घाइते भएका छन् भने सुरक्षाकर्मी, जलविद्युत् आयोजनाका कामदार, स्थानीयवासी, यात्रु तथा अन्य नागरिक अझै सम्पर्कविहीन रहेका विवरण आइरहेका छन् । उद्धार कार्य जारी रहेकाले मानवीय क्षतिको अन्तिम तथ्यांक आउन अझै समय लाग्नेछ । यस्तो अवस्थामा खोज, उद्धार, उपचार र आधिकारिक सूचनालाई प्राथमिकता दिनु उचित हुन्छ ।

भौतिक क्षतिको प्रारम्भिक तस्वीर पनि असाधारण छ । सञ्चालनमा रहेका तथा निर्माणाधीन गरी सयौँ मेगावाट क्षमताका जलविद्युत् आयोजना प्रभावित भएका छन् । विद्युत् उत्पादन केन्द्र, सबस्टेसन, प्रसारण संरचना, पहुँचमार्ग तथा अन्य सहायक पूर्वाधारमा विभिन्न स्तरको क्षति पुगेको छ । तर प्रभावित हुनु, उत्पादन बन्द हुनु र पूर्ण रूपमा नष्ट हुनु एउटै कुरा होइन । वास्तविक प्राविधिक तथा आर्थिक क्षति विस्तृत स्थलगत अध्ययनपछि मात्र यकिन गर्न सकिन्छ ।

सडक र पुलतर्फ पनि ठूलो क्षति देखिएको छ । प्रारम्भिक विवरणले दर्जनौँ पुल र पचासौँ किलोमिटर सडक प्रभावित भएको देखाउँछ । राजमार्ग, स्थानीय सडक, व्यापारिक नाका, पर्यटन मार्ग र बस्ती जोड्ने संरचना बगेका वा क्षतिग्रस्त भएका छन् । यसको प्रत्यक्ष प्रभाव यातायातमा मात्र होइन, व्यापार, पर्यटन, ऊर्जा, स्थानीय अर्थतन्त्र र दैनिक जीवनमा समेत पर्नेछ । क्षतिको रकम खर्बौं हुँदै अझ ठूलो आकार लिन सक्ने प्रारम्भिक अनुमान भइरहे पनि अहिले हाम्रो पहिलो जिम्मेवारी क्षतिको अंक जोड्नु होइन, बाँच्न सक्ने मानिसलाई बचाउनु हो ।

**विपत्तिको बेला देश एक ठाउ हुनुपर्छ**

यस्तो समयमा सरकार, प्रतिपक्ष, राजनीतिक दल, सुरक्षा निकाय, स्थानीय तह, निजीक्षेत्र, नागरिक समाज, प्राविधिक समुदाय र सर्वसाधारणको पहिलो उद्देश्य एउटै हुनुपर्छ- खोज, उद्धार, उपचार र राहत । अहिलेको घडीमा राजनीतिक लाभ-हानिभन्दा जीवनको मूल्य ठूलो हुनुपर्छ । कमजोरी भए प्रमाणसहित औँल्याउने, तर उद्धारमा अवरोध होइन सहयोग गर्ने; अपुष्ट सूचना होइन आधिकारिक सूचना फैलाउने; राहतलाई प्रचारको साधन होइन, पीडितको अधिकारका रूपमा बुझ्ने संस्कार आवश्यक छ ।


विपत्तिपछिका सुरुका दिनमा सही सूचना आफैँमा ठूलो राहत हो । मृतक, बेपत्ता, घाइते, अवरुद्ध सडक, सुरक्षित मार्ग, उपचार केन्द्र र राहत वितरणबारे फरक-फरक निकायबाट फरक सूचना आउँदा पीडित परिवार र सर्वसाधारणमा अन्योल बढ्छ । त्यसैले सुरक्षा निकाय, स्थानीय तह, अस्पताल, सडक, विद्युत् तथा सञ्चार निकायका सूचनालाई एउटै आधिकारिक प्रणालीबाट नियमित रूपमा सार्वजनिक गर्ने अभ्यास विकास गर्नुपर्छ ।

आज हेलिकोप्टर, डाक्टर, औषधि, खानेपानी, खाद्यान्न, अस्थायी आश्रय र सञ्चार चाहिन्छ । केही दिनपछि सडक, विद्युत्, खानेपानी र सञ्चारको अस्थायी पुनःस्थापना आवश्यक हुन्छ । त्यसपछि स्थायी पुनर्निर्माण सुरु हुन्छ । यी तीन चरण -उद्धार, पुनःस्थापना र पुनर्निर्माण- लाई अलग योजना, जिम्मेवारी र स्रोतसहित अघि बढाउनुपर्छ । यो कुनै एउटा मन्त्रालय वा निकायको समस्या होइन; राष्ट्रको साझा चुनौती हो ।

**२०७२ को भूकम्पले सिकाएको पाठ नबिर्सौं**

नेपालले यस्तै कठिन घडी २०७२ सालमा पनि भोगेको थियो । गोरखा भूकम्पले झण्डै नौ हजार मानिसको ज्यान लियो, लाखौँ घर र हजारौँ सार्वजनिक संरचनामा क्षति पुऱ्यायो । तर, त्यसपछिको पुनर्निर्माणले हामीलाई एउटा महत्त्वपूर्ण पाठ सिकायो- पुनर्निर्माण भनेको भत्किएको संरचना उही स्वरुपमा फेरि बनाउनु मात्र होइन ।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण स्थापना भयो । घरधुरीको अभिलेख तयार गरियो । सुरक्षित



निर्माणका प्राविधिक मापदण्ड बनाइए । अनुदानलाई निर्माणको गुणस्तर र प्राविधिक निरीक्षणसँग जोडियो । लाखौँ घर भूकम्पप्रतिरोधी मापदण्डमा पुनर्निर्माण भए । विद्यालय, स्वास्थ्य संस्था, सम्पदा र सार्वजनिक भवन पुनःनिर्माण भए ।

अर्थात् विपत्तिलाई केवल क्षति पूर्ति गर्ने घटनाका रूपमा होइन, पुरानो कमजोरी सुधार्ने अवसरका रूपमा पनि हेरियो ।

२०७२ सालको अर्को सन्देश पनि महत्त्वपूर्ण छ । संकटका बेला देशले राजनीतिक र सामाजिक परिपक्वता देखाउन सक्छ । विपत्तिको गहिरो पीडाबीच पनि राष्ट्रिय महत्त्वका काम अघि बढेका थिए । आज पनि त्यही परिपक्वता चाहिएको छ । आरोप-प्रत्यारोपभन्दा माथि उठेर राहत र पुनर्निर्माणमा न्यूनतम राष्ट्रिय सहमति आवश्यक छ ।

**बगेको ठाउमा उस्तै संरचना फेरि नबनाऔं**

भोटेकोशी-त्रिशूली कोरिडोरको पुनर्निर्माण गर्दा सबैभन्दा ठूलो गल्ती हुनेछ- जहाँ जे बगेको छ, त्यहीँ उस्तै संरचना फेरि बनाउनु । यो बाढीले नदीको वास्तविक जोखिम क्षेत्र प्रत्यक्ष देखाइदिएको छ । अब बाढीले छोएका क्षेत्रलाई नयाँ वैज्ञानिक जोखिम नक्साको आधार बनाउनुपर्छ ।

बस्ती कहाँ राख्ने, विद्यालय र अस्पताल कुन उचाइमा बनाउने, सबस्टेसन कहाँ राख्ने, जलविद्युत् आयोजनाका महत्त्वपूर्ण उपकरण कति सुरक्षित तहमा राख्ने र नदीबाट कति दूरी कायम गर्ने भन्ने निर्णय पुरानो अनुभव र नक्साले मात्र होइन, नयाँ जोखिम विश्लेषणले निर्धारण गर्नुपर्छ । पुलको डिजाइन गर्दा विगतको सामान्य 'डिजाइन फ्लड' मात्र पर्याप्त नहुन सक्छ । हिमपहिरो, ठूलो पहिरो, ढुंगा, रुख तथा मलबासहित आउने आकस्मिक अत्यधिक बहावलाई समेत गणनामा राख्नुपर्छ । पुलको उचाइ, स्पान, पियरको स्थान र नदीको सम्भावित मार्ग परिवर्तनजस्ता विषयलाई नयाँ दृष्टिले हेर्नुपर्छ ।

जलविद्युत् आयोजनामा पनि बाँध र विद्युत् गृहको सुरक्षा मात्र पर्याप्त हुँदैन । पहुँचमार्ग, सुरुङ प्रवेशद्वार, स्विचयार्ड, सबस्टेसन, सञ्चार प्रणाली, प्रसारण लाइन तथा कर्मचारी आवाससम्मको बहु-विपद् जोखिम परीक्षण गर्नुपर्छ । आयोजना बनाउँदा बाढी, पहिरो, हिमताल, भूकम्प र जलवायु परिवर्तनका जोखिमलाई अलग-अलग होइन, एकीकृत रूपमा मूल्यांकन गर्ने अभ्यास आवश्यक छ ।

भूमि उपयोग नीतिमा पनि अब कठोर हुनैपर्छ । नदीको पुरानो बहाव क्षेत्र, बगर, पहिरो जोखिम वा सम्भावित डुबान क्षेत्रमा बजार, होटल, आवास, विद्यालय र महत्त्वपूर्ण पूर्वाधार निर्माण गर्दै जाने अनि विपत्ति आएपछि पुनः त्यही ठाउँमा लगानी गर्ने चक्र तोड्नुपर्छ । विपद् व्यवस्थापन भनेको दुर्घटना भएपछि उद्धार गर्नु मात्र होइन; जोखिम भएको ठाउँमा असुरक्षित विकास हुन नदिनु पनि हो ।

विद्युत् क्षेत्रमा यो विपत्तिले अर्को महत्त्वपूर्ण प्रश्न उठाएको छ । एउटै सबस्टेसन वा प्रसारण कोरिडोर क्षतिग्रस्त हुँदा ठूलो परिमाणको विद्युत प्रणालीबाट अलग हुने जोखिम कम गर्न वैकल्पिक प्रसारण मार्ग र प्रणालीगत 'रेडन्डेन्सी' आवश्यक छ । हामीले ऊर्जा सुरक्षालाई अब 'कति मेगावाट उत्पादन भयो' भनेर मात्र नाप्नु हुँदैन । विपत्ति आएपछि विद्युत प्रणाली कति छिटो पुनः सञ्चालनमा आउन सक्छ भन्ने पनि ऊर्जा सुरक्षाको महत्त्वपूर्ण सूचक हो ।

**तिब्बतबाट पानीसागै सूचना पनि आउनुपर्छ**

यो बाढीको वास्तविक कारण वैज्ञानिक अध्ययनपछि मात्र निश्चित हुनेछ । हिमताल विस्फोट, हिमपहिरो, ठूलो चट्टानी पहिरो, पहिरोले नदी थुनिएर पछि एकाएक फुटेको अवस्था वा भूकम्पसँग जोडिएका घटनाबारे विभिन्न प्रारम्भिक अनुमान आएका छन् । यस्ता अनुमानलाई अन्तिम सत्यका रूपमा प्रस्तुत गर्नु हुँदैन । वैज्ञानिक अध्ययन, भू-उपग्रह तस्वीर, भूकम्पीय अभिलेख, नदी बहाव र माथिल्लो भूभागको अध्ययनपछि मात्र वास्तविक कारण स्पष्ट हुनेछ ।

तर, कारण जे भए पनि एउटा तथ्य स्पष्ट छ । भोटेकोसी नेपालको सीमाभित्रबाट मात्र सुरु हुने नदी होइन । माथिल्लो जलाधार र जोखिम सीमापार छ भने पूर्वसूचना प्रणाली पनि सीमापार हुनुपर्छ ।

तिब्बततर्फका हिमताल, हिमनदी, हिमपहिरो, ठूलो पहिरो, नदी थुनिएको अवस्था र असामान्य जलप्रवाहको सूचना नेपालले वास्तविक समयमा प्राप्त गर्ने स्थायी संयन्त्र आवश्यक छ । यसका लागि दुई देशबीच सरकारी तहको नियमित डेटा साझेदारी, स्वचालित जलमापन केन्द्र र वैज्ञानिक समन्वय आवश्यक पर्छ ।

उपग्रह, स्वचालित जलमापन केन्द्र, मौसम तथा भूकम्पीय सूचना, स्थानीय साइरन र मोबाइल चेतावनीलाई एउटै प्रणालीमा जोड्न सकिन्छ । माथिल्लो क्षेत्रमा असामान्य अवस्था देखिएको केही मिनेटमै टिमुरे, स्याफ्रुबेँसी, त्रिशूली हुँदै तल्लो तटीय क्षेत्रका नागरिकसम्म चेतावनी पुग्न सक्यो भने धेरै जीवन बचाउन सकिन्छ । सूचना मात्र भएर पनि पुग्दैन; सुरक्षित स्थानको पहिचान, निकासी मार्ग, नियमित अभ्यास र समुदायस्तरको तयारी उत्तिकै आवश्यक हुन्छ । पूर्वसूचना प्रविधि मात्र होइन, जीवन बचाउने पूर्वाधार हो ।

**स्पष्ट योजना बनाएर मात्रै सहयोग मागौँ**

विपत्तिको आकार हेर्दा दीर्घकालीन पुनर्निर्माण सरकारको नियमित बजेटबाट मात्र सहज नहुन सक्छ । मित्रराष्ट्र, विश्व बैंक, एसियाली विकास बैंक, संयुक्त राष्ट्रसंघ तथा अन्य विकास साझेदारको सहयोग आवश्यक पर्न सक्छ । तर, संसारलाई केवल 'हामीलाई सहयोग चाहियो' भन्नुभन्दा पहिले हामीले आफ्नो आवश्यकता स्पष्ट गर्नुपर्छ ।

पहिले तीव्र क्षति मूल्यांकन गरौँ । त्यसपछि विस्तृत 'पोस्ट डिजास्टर निड्स एसेसमेन्ट' तयार गरौँ । कुन क्षेत्रमा कति क्षति भयो, कुन संरचना मर्मत गर्ने, कुन पुनर्निर्माण गर्ने, कुन स्थानान्तरण गर्ने र कति स्रोत चाहिन्छ भन्ने परियोजनागत योजना बनाऔँ । त्यसपछि मात्र स्पष्ट रूपमा भन्न सकिन्छ, यो सहयोग सुरक्षित पुलका लागि, यो विद्युत् तथा प्रसारण संरचनाका लागि, यो बस्ती स्थानान्तरणका लागि र यो सीमापार पूर्वसूचना प्रणालीका लागि ।

सहयोगको प्रत्येक रुपैयाँ कहाँबाट आयो, कहाँ खर्च भयो र काम कति सम्पन्न भयो भन्ने सार्वजनिक डिजिटल प्रणाली पनि सुरुदेखि नै बनाउनुपर्छ । पारदर्शिताले नागरिकको विश्वास बढाउँछ र अन्तरराष्ट्रिय सहयोगलाई पनि प्रभावकारी बनाउँछ ।

**विपतिलाई मोड बिन्दु बनाऔँ**

भोटेकोसीको यो बाढी ठूलो राष्ट्रिय शोक हो । पीडित परिवारका लागि यो कुनै संख्या वा तथ्यांक होइन, जीवनभर निको नहुने घाउ हो । हामी गुमेका जीवन फर्काउन सक्दैनौँ । बगेका स्मृति र सपना पनि पूर्ण रूपमा फर्काउन सक्दैनौँ । तर, आजको पीडाबाट भोलिको सुरक्षित नेपाल बनाउने निर्णय गर्न सक्छौँ ।

२०७२ सालको भूकम्पपछि भूकम्पप्रतिरोधी निर्माण राष्ट्रिय बहसको विषय बन्यो । अब भोटेकोसीपछि बहु-विपद्प्रतिरोधी पूर्वाधार, नदी कोरिडोर सुरक्षा, सुरक्षित भूमि उपयोग, सीमापार पूर्वसूचना, प्रणालीगत ऊर्जा सुरक्षा र जलवायु जोखिम अनुकूल विकासलाई राष्ट्रिय मापदण्ड बनाउने बेला आएको छ ।

यो विपत्तिलाई केवल एउटा बाढीका रूपमा नहेरौँ । हिमाली क्षेत्रको विकास मोडल, नदी कोरिडोरको प्रयोग, ठूला पूर्वाधारको डिजाइन, बस्ती विस्तार र हाम्रो पूर्वतयारीमाथि पुनर्विचार गर्ने गम्भीर चेतावनीका रूपमा लिऔँ ।

हाम्रो संकल्प स्पष्ट हुनुपर्छ- बगेको ठाउँमा जस्ताको त्यस्तै फेरि बनाउने होइन; जहाँ सुरक्षित हुन्छ त्यहीँ, भविष्यको अझ ठूलो विपत्ति सहन सक्ने गरी बनाउने । शोकलाई राष्ट्रिय एकतामा, प्राविधिक ज्ञानलाई सुरक्षित संरचनामा, अन्तर्राष्ट्रिय सहयोगलाई दीर्घकालीन प्रणालीमा र आजको विनाशलाई भोलिको सुरक्षित नेपालको आधारमा बदल्न सक्यौँ भने भोटेकोसीको यो विपत्ति केवल विनाशको इतिहास भएर रहने छैन । यसले नेपालमा विपद्प्रतिरोधी विकासको नयाँ अध्याय सुरु गर्न सक्छ । यो लेख शिलापत्रडटकमबाट साभार गरिएको छ ।

# रसुवा बाढीको त्रासदी र पूर्व सूचना प्रणाली



● राजेश झा

चीनको तिब्बततर्फ नदी थुनिएर बनेको ताल फुट्दा रसुवाको भोटेकोशी हुँदै त्रिशूली र नारायणी नदी तटीय क्षेत्रसम्म बुधबार आएको विध्वंशकारी बाढीको दृष्यहरुले मनलाई आतंकित बनाएको छ । घटनास्थलबाट सयौं किलोमिटर टाढा रहेपनि बाढीका भिडियोहरुले विनासकारी बाढीको चपेटमा परेका ब्यक्तिहरुको भोगाई कल्पना समेत गर्दा आङ्ग सिरिङ्ग हुनपुग्छ । अंग्रेजी सिनेमाहरुमा फिक्सन गरेर देखाइने गरिएका यस्ता विनासकारी बाढीका दृष्य रसुवामा भने प्रत्यक्ष देखियो ।

बुधबार बिहान भोटेकोशी, त्रिशूली र नारायणी नदीमा आएको विनाशकारी बाढीले रसुवा, नुवाकोट, गोरखा, धादिङ्ग, चितवन लगायतका जिल्लाका हजारौं परिवार प्रभावित भएको छ । बाढीको कारण हजारौं ब्यक्ति सम्पर्कविहिन बनेका छन् । बाढीको ताण्डवमा परि ज्यान गुमाउनेको संख्या प्रत्येक घण्टा बढ्दो छ ।

बाढी आउँदै गरेको भनी समयमै सूचना पाएको भए त्यति धेरै ज्यान जाने थिएन । बाढी आउनु पूर्व नै सूचना पाएपछि त्यसले जनधन जोगाउन मदत पुग्छ । समयमै सूचना नपाएकै कारण पाँच बर्ष अघि मेलम्चीले पनि यस्तै खाले पीडा ब्यहोर्नु परेको थियो । रसुवामा माईकिङ्ग त गरिएको थियो तर यस अघि पनि माईकिङ्ग गरिएको भनी स्थानीयहरुले खासै ध्यान नदिएको बताइन्छ ।

पूर्व सूचना प्रणालीले प्रकोपबाट उत्पन्न हुने जोखिम बारे ज्ञान संकलन र विश्लेषण गर्नुका साथै धनजनको क्षति हुनबाट समेत जोगाउने गरेको विज्ञहरुको कथन छ । प्रभावकारी पूर्वसूचना प्रणाली (अर्ली वार्निङ सिस्टम) प्रभावकारी र सबैमा पहुँचयोग्य बनाउनु नै क्षति न्यूनीकरणको मुख्य उपाय हो । नेपालले पनि सन् २०२७ सम्ममा 'सबैका लागि पूर्वसूचना' पुऱ्याउने लक्ष्य राखेको छ ।

मर्सि कोर्प्सका जल तथा मौसम विज्ञानका जानकार जगदिश डोटेलका अनुसार, अत्याधुनिक राडार र मौसम स्टेशनहरूको माध्यमबाट दिइने सटीक जानकारीले कृषकदेखि सर्वसाधारणसम्मलाई सुरक्षित रहन मद्दत पुग्नेछ । अत्याधुनिक प्रविधिको प्रयोग, स्याटेलाईट डाटाको निरन्तर अनुगमन तथा विश्लेशण, मौसम अनुगमन केन्द्रहरुको विस्तार, निरन्तर अन्तरदेशिय जल तथा मौसमका तथ्याकं आदान प्रदान र पुर्व सुचना प्रणालीलाई सरलिकृत र विश्वसनिय बनाउनु नै यस्ता जलवायु जन्य प्रकोप तथा विपतको क्षति न्युनिकरण गर्ने उपायहरु हुन् ।

नेपालको पर्वतीय क्षेत्र जोखिमपूर्ण अवस्थामा रहेको भन्ने कुरा यस अघि भएका धेरै अध्ययन प्रतिवेदनहरुले पनि बताएको छ । अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र(ईसिमोड)को अध्ययनले नेपाललाई जोखिममा पर्ने हिमतालहरूको पहिचान गरेको छ । २७ वटा त्यस्ता हिमताललाई 'पोटेन्सियल्ली डेन्जरस ग्लेसियर' भनेर वर्गीकरण गरेको छ । विभिन्न अन्तर्राष्ट्रिय संस्थाहरूले गरेको अध्ययनले हाम्रो जस्तो पर्वतीय मुलुक जलवायु परिवर्तनको जोखिममा छ भन्ने निष्कर्ष निकालेका छन् । जलवायु परिवर्तनको दृष्टिकोणले चौथो स्थानमा रहनु भनेको हाम्रो मुलुक नेपाल सर्वोच्च जोखिम रहनु हो ।

हाम्रो मुलुकको पर्वतीय क्षेत्रको जोखिमपूर्ण अवस्थाका बारेमा यसअघि सचेत नगराइएको भने होइन । ईसिमोडले गत चैत्र ६ गते हिमनदी दिवसको अवसरमा प्रकाशित गरेको 'सन् १९९० देखि २०२० सम्म हिन्दुकुश हिमालय क्षेत्रका हिमनदीको परिवर्तनशील गतिशीलता' र 'हिन्दुकुश हिमालय हिमनदी परिदृश्य २०२६: हिमाली हिमनदी अनुगमनको ५० वर्षका अन्तर्दृष्टि' नामक प्रतिवेदनहरूमा पनि पर्वतीय क्षेत्रमा रहेको जोखिम र त्यसले पार्ने प्रभावको बारेमा उल्लेख रहेको छ ।

यो कुनै टाढाको समस्या होइन, यो त हरेक गर्मी र मनसुनमा नयाँ विपद्का रूपमा प्रकट भइरहेको वास्तविक संकट हो । यस शताब्दीमा हिउँ पग्लिने दर दोब्बर हुनुले हामी सबैलाई स्तब्ध बनाउँदै आवश्यक कार्यका लागि प्रेरित गर्नुपर्छ,' इसिमोडका महानिर्देशक पेमा ग्याम्त्सोले भनेका थिए, "हिन्दुकुश हिमालय अहिले एउटा दोबाटोमा छ । पानीको अनिश्चिततादेखि विनाशकारी बाढीसम्मका तीव्र रूपमा बढ्दो प्रभावहरूले हामी हिउँमण्डलका लागि निर्णायक दशकमा छौँ भन्ने स्पष्ट पारेको छ । हामीले अहिले नै अनुगमन बढाउन र अनुकूलनमा लगानी गर्नुपर्छ । यी 'ब्लाइन्ड स्पट' (जानकारीविहीन क्षेत्र)बाट सुरु हुने अनपेक्षित घटना रहेनन्, यो हाम्रो नयाँ यथार्थ हो ।"

हिमनदी दिवसको अवसरमा आयोजित कार्यक्रममा "हामी एक अधुरो नक्साको सहयोगमा तीव्र रूपमा परिवर्तन भइरहेको भविष्यतर्फ अघि बढ्न खोज्दैछौँ,' इसिमोडका हिउँमण्डल विशेषज्ञ तथा प्रतिवेदनका लेखकमध्येका एक मोहम्मद फारुक आजमले भनेका थिए, "हिमालयको ठूलो हिस्सा अझै पनि अनुगमनको पहुँच बाहिर छ । अनुगमन संयन्त्र विस्तार र पद्धतिमा एकरूपता नल्याई जलप्रवाह र हिउँमण्डलमा आएको तीव्र परिवर्तन पत्ता लगाउन कठिन हुन्छ ।"

जलवायु संकटबारे अध्ययनमा कम्तीमा पाँच दशक बिताएका बेलायती वैज्ञानिक बिल म्याकगायरका अनुसार स्याटलाइटहरूको मापन अनुसार पृथ्वी तात्ने दर ०.५ डिग्री प्रति दशक छ । अमेरिकी भौगर्भिक अध्ययन संस्था युएसजिएसका अनुसार रसुवामा भएको घटनाको कारण "ग्लेसियल कोल्याप्स" थियो । अर्थात् हिमनदीको एउटा ठूलो हिस्सा भास्सिएर तल बजारिँदा त्यसले ४.४ रेक्टर स्केलको कम्पन सिर्जना गरेको थियो । सोही भूकम्पका कारण हिमताल विस्फोट भएको हुन सक्ने भन्ने समाचारहरू आएका थिए ।

जलवायुजन्य संकटका कारण नेपालले बर्सेनि औसत करिब २९ अर्ब नेपाली रुपैयाँ बराबरको आर्थिक क्षति बेहोर्दै आएको छ । जलवायुजन्य संकटबाट धनजन जोगाउनका लागि पूर्व सूचना प्रणालीलाई प्रभावकारी बनाइनुपर्ने विज्ञहरुको कथन छ । प्रकोपको निरन्तर र प्रभावकारी अनुगमन प्रणालीको विस्तार र जोखिम बारे समयमै समुदाय स्तरसम्म सूचना प्रवाह गर्ने प्रणालीमा जोड दिनुपर्ने अहिलेको आवश्यकता हो ।

जलस्रोत तथा जलवायु परिवर्तनको क्षेत्रका अनुसन्धानकर्ता डा. सन्तोष नेपालले नेपालको इतिहासमा रसुवामा आएको यो तहको फ्ल्यास फ्लड (अचानक आएको ठूलो बाढी) नदेखेको बताउँछन् । रसुवामा जति मात्रामा र गतिमा जसरी पानी आयो, कतै थुनिएर विस्फोटसहित खुल्दा त्यसरी पानी आएको हुनसक्ने विज्ञहरुको अनुमान छ ।

पूर्वसूचना प्रणालीलाई पनि परिमार्जन गरेर रिमोट सेन्सिङदेखि एआई प्रविधिहरूलाई उपयोग गर्नुपर्छ । अन्तरदेशीय सूचना प्रणालीलाई प्रभावकारी बनाउन आवश्यक छ । चीनमा आउने बाढी र क्षतिले नेपालमा असर पार्ने भएकाले त्यहाँबाट आउने सूचनालाई अझै प्रभावकारी बनाउनुपर्छ ।

माथिल्ला भागमा मोनिटरिङ प्रणाली बनाउने र त्यसको सूचना रियल टाइम(उही समय)मा तल पाउने व्यवस्था गर्न सकियो भने केही हदसम्म जनधनको क्षति कम गर्न सहयोग हुन्छ । परम्परागत रूपमा निर्माण गर्ने संरचनालाई पनि बदल्न जरुरी रहेको छ । 'पोटेन्सियल्ली डेन्जरस ग्लेसियर' भनेर वर्गिकरण गरिएका २७ वटा हिमतालहरुको सुक्ष्म ढंगबाट अध्ययन र निरन्तर मोनिटरिङ्ग गर्नु जरुरी छ । खतरनाक मानिएका ती हिमतालहरुले आगामी दिन पनि रसुवामा भए जस्तै रौद्र रुप नदेखाउन भन्न सकिन्न ।

हिमालको संरक्षण, जलवायु अनुकूलन, क्षति तथा नोक्सानी, जलवायु वित्त र प्रविधि हस्तान्तरणका विषयमा नेपालले आफ्नो आवाज अझ स्पष्ट र शक्तिशाली ढंगबाट उठान गर्नुपर्छ । रसुवा लगायतको जिल्लामा बाढीले मच्चाएको वितण्डाबाट उठेको आवाजलाई एउटा चेतावनीको रुपमा लिनुपर्छ । पूर्व सूचना प्रणालीलाई समयसँगै परिमार्जन गर्दै थप जनधनको क्षति हुनबाट जोगाउनेतर्फ सबैको निर्णायक पहल हुनु जरुरी छ ।

# आवश्यकताअनुसार अन्तर्राष्ट्रिय समुदायबाट सहयोग लिइरहेका छौँ: परराष्ट्र सचिव राई

काठमाण्डु । परराष्ट्र मन्त्रालयका सचिव अमृतबहादुर राईले सरकारले भोटेकोशी बाढी प्रभावित क्षेत्रमा खोज, उद्धार र राहतमा आवश्यकताअनुसार अन्तर्राष्ट्रिय समुदायबाट सहयोग लिइरहेको बताउनुभएको छ।

भोटेकोशी बाढी सम्बन्धमा सरकारले गरिरहेको खोजी, उद्धार तथा राहत कार्यलगायत विषयमा जानकारी दिन मन्त्रालयले आज यहाँ आयोजना गरेको कार्यक्रममा सचिव राईले भन्नुभयो, "नेपाली सेनासँगको समन्वयमा विशेषगरी सुरुङभित्र फसेका व्यक्तिहरूको उद्धार गर्न भारत, चीन र गणतन्त्र कोरियाबाट केही सुरुङ उद्धार विशेषज्ञहरू पनि परिचालन गरिएको छ।"

बाढीपछि नेपाल सरकारले खोजी, उद्धार, राहत तथा पुनःप्राप्ति कार्यका लागि आफ्नो नियन्त्रणमा रहेका सबै उपलब्ध स्रोतसाधन तथा प्रयास परिचालन गरेको परराष्ट्र सचिव राईले बताउनुभयो। तत्कालीन राष्ट्रिय प्राथमिकता जीवन बचाउने, बेपत्ता व्यक्तिहरूको खोजी गर्ने, उनीहरूको उद्धार गर्ने, जीवित बचेकाहरूलाई तत्काल राहत उपलब्ध गराउने तथा प्रभावित नेपाली र विदेशी नागरिकहरूले उचित सहायता तथा सहयोग प्राप्त गर्ने सुनिश्चित गर्ने रहेको उहाँले बताउनुभयो।

सचिव राईले यस उद्देश्यका लागि प्रभावित क्षेत्रमा करिब १९ हजार सुरक्षाकर्मी र १६ हेलिकप्टर परिचालन गरिएको जानकारी दिनुभयो। "हालसम्म ती क्षेत्रबाट ७३४ शव फेला परेका र करिब दुई हजार ४९८ जना अझै सम्पर्कविहीन छन्। यस्तै आठ हजार १८६ भन्दा बढी नागरिकको उद्धार गरिएको छ," उहाँले भन्नुभयो, "जसमा २६१ विदेशी नागरिक रहेका छन्, चार सयभन्दा बढी विदेशी नागरिक अझै बेपत्ता छन्।"

यस कठिन घडीमा सरकारले हाम्रा निकटतम् छिमेकी तथा अन्तर्राष्ट्रिय समुदायसँग निकट सम्पर्क तथा समन्वय जारी राखेको उल्लेख गर्दै सचिव राईले भन्नुभयो, "धेरै विदेशी नागरिक अझै बेपत्ता छन्। त्यसैले मन्त्रालय एक आपतकालीन नियन्त्रण कक्ष स्थापना गरी सम्बन्धित निकायहरू तथा बेपत्ता व्यक्तिका परिवारहरूसँग समन्वय गरिरहेका छौं।"




परराष्ट्र सचिव राईले नेपालका सुरक्षा तथा अन्य निकायका एकीकृत टोलीहरूले परिस्थितिलाई प्रभावकारी रूपमा व्यवस्थापन गरिरहेका जानकारी दिँदै भन्नुभयो, "हाम्रा निकायहरूले भारतबाट आएका ११, चीनबाट आएका नौ तथा गणतन्त्र कोरियाका विशेषज्ञसहितका विशेष प्राविधिक टोलीहरूसँग सुरुङ उद्धारका लागि काम गरिरहेका छन्।"

त्यसैगरी, शव व्यवस्थापनका लागि एयरटाइट ब्यागहरू पनि प्राप्त भएका र थप ब्यागहरू पनि पठाउन लागिएको मन्त्रालयले जनाएको छ। डिएनए विश्लेषणमा विशेषज्ञता हासिल गरेका भारतका १८ जना फरेन्सिक विशेषज्ञहरूको टोली पनि आइपुगेको र त्यस सम्बन्धमा समन्वय निरन्तर जारी रहेको परराष्ट्र सचिव राईले बताउनुभयो।

साथै भारत, चीन र युनाइटेड अरब इमिरेट्स (युएई) तथा अन्य देशहरूबाट राहत सामग्री प्राप्त गरिसकेको र संयुक्त राज्य अमेरिका, जापान, कतार, सिङ्गापुर, अष्ट्रेलिया, मलेसिया, म्यानमार, बङ्गलादेश, पाकिस्तान तथा अन्य देशहरू र साझेदारहरूबाट पनि अत्यावश्यक सामग्रीहरू प्राप्त भइरहेका छन्।

सरकारले आइसिआरसीलगायतका मानक तथा स्वीकृत प्रोटोकलअनुसार मृतकका शव विशेषगरी पहिचान गर्न नसकिने, अङ्गविच्छेद भएका तथा लामो समयसम्म पानीमा रहँदा कुहिएका शवलाई अस्थायी रूपमा गाडिएको जनाएको छ।

"गाड्नुअघि स्वास्थ्य टोलीले प्रत्येक मृतकको डिएनए नमुना लिने गरेको छ, ताकि परिवारले पछि अभिलेखसँग मिलान गर्न सकुन्, र आवश्यक संस्कारका लागि शव निकाल्न अनुमति दिइनेछ," परराष्ट्र सचिव राईले भन्नुभयो। रासस

## केरुङमा रोकिएका नागरिकलाई वैकल्पिक मार्गबाट नेपाल ल्याइन्छ : परराष्ट्रमन्त्री खनाल



नुवाकोट । परराष्ट्रमन्त्री शिशिर खनालले भोटेकोशी बाढीका कारण चीनको केरुङमा रोकिएका नागरिकलाई वैकल्पिक मार्ग हुँदै नेपाल ल्याइने बताउनुभएको छ। बाढी प्रभावित क्षेत्रको निरीक्षणका लागि आइतबार विदुर नगरपालिका-१, ढुङ्गे आइपुग्नुभएका उहाँले राससँग भन्नुभयो, "प्रारम्भिक जानकारी अनुसार केरुङमा एक हजार जना नेपाली हुनुहुन्छ भन्ने सूचना छ, उहाँहरूलाई वैकल्पिक मार्गबाट नेपाल ल्याउँछौं।"

सिन्धुपाल्चोकस्थित तातोपानी नाका सञ्चालन गर्न र मुस्ताङको कोरला नाका प्रयोगमा ल्याउन चिनियाँ पक्षसँग अनुरोध गरिसकेको उहाँले जानकारी दिनुभयो। मन्त्री खनालले जलविद्युत् आयोजनाको सुरुङमा फसेकाको उद्धारमा विदेशी सहायता आवश्यक देखिएपछि चिनियाँ र भारतीय विशेषज्ञलाई बोलाइएको स्पष्ट पार्नुभयो।

"आवश्यक परेमा अन्य मुलुकबाट पनि सहयोग लिन सकिन्छ", उहाँले भन्नुभयो, "हामीलाई विश्वसमुदायबाट सहयोगको प्रतिबद्धता आइरहेका छन्। आवश्यकताअनुसार सहयोग लिन्छौं।" रासस

## युएई सरकारद्वारा बाढी प्रभावितका लागि १० मिलियन अमेरिकी डलर सहयोग

काठमाण्डु । युनाइटेड अरब इमिरेट्स (युएई) सरकारले रसुवाको भोटेकोशी नदीमा बुधबार बिहान आएको बाढीबाट प्रभावितको उद्धार तथा राहतका लागि १० मिलियन अमेरिकी डलर बराबरको आर्थिक सहयोग उपलब्ध गराउन तयार रहेको छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख डा धर्मराज उप्रेतीसँग आज प्राधिकरणको कार्यालयमा भएको भेटमा युएई एडको टोलीले बाढी प्रभावित क्षेत्रमा आवश्यक सामग्री तथा सहयोग उपलब्ध गराउन आफूहरू तयार रहेको बताउनुभएको प्राधिकरणले जनाएको छ।

युएई एडको टोलीले बाढीबाट प्रभावित क्षेत्रमा तत्काल आवश्यकपर्ने सामग्रीबारे प्राधिकरणसँग जानकारी लिएको थियो। प्राधिकरणका कार्यकारी प्रमुख उप्रेतीले भेटमा अस्थायी पुल, पानी शुद्धीकरण तथा सरसफाइ र हाइजिन (सरसफाइ र स्वच्छता कायम राख्न प्रयोग गरिने) सामग्री, ठूलो परिवारका लागि आवश्यक



पाल, चार्जिङ सुविधासहितका 'पोर्टेबल' बत्ती, 'पोर्टेबल' जेनेरेटर, 'सोलार प्यानल', स्याटेलाइट फोन, वाकीटकीलगायत सामग्री आवश्यक रहेको जानकारी गराइएको बताउनुभयो।

प्राधिकरणले बाढी प्रभावित क्षेत्रमा आवश्यक सामग्री तथा उपकरणको प्राथमिकता र आवश्यकताका सम्बन्धमा जानकारी गराएपछि युएईको टोलीले सोहीअनुसार सहयोग गर्न आफूहरू तयार रहेको बताउनुभएको कार्यकारी प्रमुख उप्रेतीले उल्लेख गर्नुभयो।

भेटमा युएई एडका अन्तरराष्ट्रिय सहायता निर्देशक डा अहमद अल मन्सौरी, सहायता तथा स्थिरीकरण विशेषज्ञ मोहम्मद सलेम अल शाम्सी, मानवीय सहायता प्रतिक्रिया संयोजक सलेम हमेद अल नुआइमीलगायतको सहभागिता थियो। नेपाल र संयुक्त अरब इमिरेट्स (युएई) बीच लामो समयदेखि कूटनीतिक सम्बन्ध रहँदै आएको छ। यी दुई देशबीच श्रम, व्यापार, लगानी तथा मानवीय सहयोगका क्षेत्रमा सहकार्य हुँदै आएको छ। रासस

## सभापति लामिछाने र मुख्यमन्त्री थापाबीच भेटवार्ता



काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने र बागमती प्रदेशका मुख्यमन्त्री किरण थापा मगरबीच भेटवार्ता भएको छ।

रास्वापाको पार्टी कार्यालय बनस्थलीमा आइतबार भएको उक्त भेटवार्तामा उहाँहरुबीच भोटेकोशी बाढी प्रभावित क्षेत्रमा उद्धार, राहत र पुनःस्थापनाका काम कारबाही सम्बन्धमा छलफल भएको सभापति लामिछानेको सचिवालयले जनाएको छ।

सो अवसरमा सभापति लामिछानेले यस्तो विपद्को समयमा स्थानीय र सङ्घीय सरकारलाई जोड्ने भूमिका प्रदेश सरकारले खेल्नुपर्नेमा जोड दिनुभएको थियो। उहाँले यति बेला सबै सरकारले समन्वय गरेर काम गर्नुपर्छ भन्ने कुरामा आफूहरु सचेत रहेको उल्लेख गर्नुभयो।

सभापति लामिछानेले सङ्घीय सरकारका तर्फबाट आवश्यक सम्पूर्ण सहयोगका लागि समन्वय गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो। यसैगरी मुख्यमन्त्री थापाले विपद्को उद्धार र राहतमा तीन तहका सरकारबीच प्रभावकारी समन्वय हुन नसकेको गुनासो गर्दै प्रदेश सरकारले आफ्नै तरिकाले काम गरिरहेको बताउनुभयो। उहाँले प्रधानमन्त्री प्रभावित क्षेत्रमा जाँदासमेत प्रदेश सरकारले जानकारी नपाएकामा दुःख व्यक्त गर्दै तीन तहमा कसले के काम गर्ने हो त्यो छुट्याउन आवश्यक रहेकामा जोड दिनुभयो। प्रभावित क्षेत्रमा उचित राहत पठाउन नसकिएको, पठाएको राहत बट्टार क्षेत्रमा जम्मा भएको र त्यसभन्दा माथि पुर्याउन असहज भएको मुख्यमन्त्री थापाको भनाइ थियो।

साथै उहाँले परिवर्तनको असर लामो भएकाले खोला किनारका बस्तीहरु स्थानान्तरण गर्न तीन तहका सरकारले तत्कालै समन्वयकारी ढङ्गबाट काम गर्नुपर्ने बताउनुभयो। रासस

## विपद्मा सरकारलाई साथ दिने हो : सभापति थापा

ललितपुर। नेपाली कांग्रेसका सभापति गगन थापाले विपद् व्यवस्थापनमा कमीकमजोरी औँल्याउँदै सरकारलाई साथ दिएर विपद् व्यवस्थापनमा खटिन निर्देश गर्नुभएको छ। भोटेकोशी बाढीपछि उत्पन्न विपद् व्यवस्थापनमा कांग्रेसले गरिरहेको काम र अबको योजनाबारे छलफल गर्न आइतबार बोलाइएको बैठकपछि उहाँले विपद्का समयमा तडकभडक र सामाजिक मर्यादा विपरीतका काम नगर्न निर्देशन गर्नुभयो।

"विपद् व्यवस्थापनका विषयमा सरकारका कमजोरी ध्यानाकर्षण गराउँछौं, सरकारलाई बुझाएको नौ बुँदेका विषयमा सरकारले ध्यान दिनुपर्छ, सङ्घीय सरकारका निर्दिष्ट जिम्मेवारी समाधान हुनुपर्छ, विपद् व्यवस्थापनका कमीकमजोरीका विषयमा सरकारलाई प्रश्न गर्नुस्, तर असंवेदनशील नहुनुस्, जिम्मेवार र जवाफदेही हुनुस्", उहाँले भन्नुभयो। तीन तहको सरकारबीच समन्वयमा मात्रै सफलताले परिणाम हासिल गर्छ विपद् व्यवस्थापनमा सङ्घीय सरकारले तीन तहको सरकारबीचको कार्य विभाजन गरेर काम गर्न सक्नुपर्छ उहाँले भन्नुभयो। कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्दम्बेले उद्धार, राहात र पुनःस्थापनामा सरकारले प्रभावकारी समन्वय र सहकार्यमा ध्यान दिएर नागरिकप्रतिको दायित्व पूरा गर्नुपर्नेमा जोड दिनुभयो। कांग्रेसका केन्द्रीय सदस्य जगदीश नरसिंह केसीले अहिले नुवाकोट र रसुवाको साझा पीडा भएको भन्दै सेना र प्रहरी सक्रिय भए पनि अन्य क्षेत्रबाट काम हुन सकेको छैन भन्नुभयो। रासस

## बाढी प्रभावितको राहतका विषयमा मन्त्री वादीद्वारा रेडक्रसका पदाधिकारीसँग छलफल

काठमाण्डु । महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षामन्त्री सीता बादीले नेपाल रेडक्रस सोसाइटीको केन्द्रीय कार्यालयका पदाधिकारीसँग भोटेकोशी बाढी प्रभावित क्षेत्रको राहतका विषयमा छलफल गर्नुभएको छ।

उहाँले रसुवा बाढीपश्चात् तत्काल आफ्ना कर्मचारी तथा स्वयंसेवक परिचालन गरी रेडक्रसले घटनास्थलमा गरेको प्रतिकार्यप्रति आज धन्यवाद व्यक्त गर्दै बाढी प्रभावित क्षेत्रका व्यक्तिका लागि थप सहयोग उपलब्ध गर्न रेडक्रससँगै सहकार्य गर्ने प्रतिबद्धता पनि व्यक्त गर्नुभयो।

सो अवसरमा मन्त्रालयका सचिव कृष्णबहादुर राउतले सरकारले महिला तथा बालबालिका, ज्येष्ठ नागरिक र सामाजिक सुरक्षालाई प्राथमिकतामा राखेर कार्य गरिरहेकाले यी क्षेत्रसहित मनोसामाजिक परामर्श, पारिवारिक पुनःस्थापनाजस्ता सेवालाई थप प्राथमिकता दिन रेडक्रससँग आग्रह गर्नुभयो।

रेडक्रसका अध्यक्ष डा विशालकमार भण्डारीले रसुवामा आएको विनाशकारी बाढीपश्चात् प्रभावित क्षेत्रमा स्थलगत भ्रमणका क्रममा आफूले देखेको र अनुभव गरेका आधारमा रेडक्रसले तत्काल प्रतिकार्य सुरु गरेको विषयमा जानकारी गराउनुभएको थियो। उहाँले सरकारले छुट्याएअनुसार समूह (क्लस्टर) विभाजन गरी महिला, बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकतामा राखेर सेवा पुऱ्याइरहेको जानकारी गराउनुभयो।



रेडक्रसका महामन्त्री ऋषिरमण खनालले रेडक्रसले सरकारको सहयोगी संस्थाका रूपमा मानवीय सेवा पुऱ्याउँदै आएको उल्लेख गर्दै यो बाढी प्रतिकार्यमा पनि सरकार, आइएफआरसी, आइसीआरसी, साझेदार राष्ट्रिय सोसाइटी र अन्य सरोकार भएका निकायसँग निरन्तर सहकार्य गरिरहेको बताउनुभयो।

रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरूको अन्तरराष्ट्रिय महासङ्घ (आइएफआरसी) का नेपाल प्रमुख डेभिड फिसरले बाढी प्रतिकार्यमा राहत तथा उद्धारका लागि नेपाल सरकारले गरिरहेको उत्कृष्ट कार्यको प्रशंसा गर्र्दै रेडक्रसले मानवीय सेवाका क्षेत्रमा पुऱ्याइरहेको सहयोगप्रति आभार व्यक्त गर्नुभयो।

उहाँले चाइना रेडक्रस सोसाइटी आवश्यक सहयोगका लागि तयार रहेको जनाउँदै अन्य अन्तरराष्ट्रिय सहयोग पनि प्राप्त भइरहेको उल्लेख गर्नुभयो। विपद्को यो समयमा आइएफआरसीले नेपाल रेडक्रससँगै सहकार्य गरिरहेको र बाढी प्रतिकार्यका लागि थप सहयोग रकम जुटाउन विश्व समुदायसँग अपिल गरिरहेको उहाँले बताउनुभयो।

नेपाल रेडक्रसले बाढी प्रभावित क्षेत्रमा हालसम्म त्रिपाल दुई हजार थान, कम्बल एक हजार थान, म्याट्रेस एक हजार शान, डोरी ६०० थान, मर्यादित स्वच्छता सामग्री पाँच हजार किट, शव व्यवस्थापन ब्याग एक हजार ७९० थान, प्राथमिक उपचार बाकस ५५, स्ट्रेचर ५० वटा, टेन्ट १५ वटा, आपतकालीन शौचालय ५० थानलगायत सामग्री उपलध गराइएको जनाएको छ।

साथै पाँच हजारभन्दा बढी स्वयंसेवक परिचालन गरी खोज तथा उद्धार, शव व्यवस्थापनमा सहयोग, अस्थायी बासस्थान, खाना वितरणलगायत कार्य गरिरहेको रेडक्रसले जनाएको छ। रासस


## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय चन्द्रपुर, रौतहटको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति २०८३/०५/१५ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०८३/०२/०१ को जनकपुर टुडे राष्ट्रिय दैनिकमा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन एवं बैंकको आन्तरिक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणीहरु तथा जमानत गरिदिने व्यक्तिले लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ।

**तपसिल**

| ऋणीको विवरण | |
|---|---|
| ढोढाई दास थारुको नाति, जामुन चौधरीको छोरा, रौतहट जिल्ला, साविक डुमरिया म. न.पा./गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. १० बस्ने **सुनिल चौधरी** (ना.प्र.नं. ३२२४, जारी मिति २०६२/०३/२४, जि.प्र.का. रौतहट)। | |
| **व्यक्तिगत जमानीकर्ताको विवरण** | |
| १. मलेसी दास थारुको नाति, ढोढाई दास थारुको छोरा, रौतहट जिल्ला, साविक डुमरिया म. न.पा./गा.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. १० बस्ने **जामुन चौधरी** (ना.प्र.नं. १९३३, जारी मिति २०४१/११/२७, जि.प्र.का. रौतहट)। | २. ढोढाई दास थारुको बुहारी, जामुन चौधरीको पत्नी, रौतहट जिल्ला, साविक डुमरिया म. न.पा./गा.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. १० बस्ने **आनन्दी देवी** (ना.प्र.नं. ३०३६, जारी मिति २०५२/१२/२३, जि.प्र.का. रौतहट)। |
| ३. ढोढाई दास थारुको नाति, जामुन चौधरीको छोरा, रौतहट जिल्ला, साविक डुमरिया म. न.पा./गा.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. १० बस्ने **सुधिल चौधरी** (ना.प्र.नं. ३२२०८२/२७७२, जारी मिति २०६७/०२/२७, जि.प्र.का. रौतहट)। | ४. जामुन चौधरीको बुहारी, सुनिल चौधरीको पत्नी, रौतहट जिल्ला, साविक डुमरिया म. न.पा./गा.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. १० बस्ने **मधु जैसी (चौधरी)** (ना.प्र.नं. ३२२०८२/२१८०, जारी मिति २०७०/१०/०७, जि.प्र.का. रौतहट)। |

**धितोको विवरण**

१. जामुन चौधरी (ना.प्र.नं. १९३३, जारी मिति २०४१/११/२७, जि.प्र.का. रौतहट) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको रौतहट जिल्ला, साविक डुमरिया म. गा.वि.स. वडा नं. ४ नक्सा सिट नं. ४ स्थित कि.नं. २४५४ को क्षेत्रफल ०-४-१० (विगाहा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

२. आनन्दी देवी (ना.प्र.नं. ३०३६, जारी मिति २०५२/१२/२३, जि.प्र.का. रौतहट) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको रौतहट जिल्ला, साविक डुमरिया म. गा.वि.स. वडा नं. ८ नक्सा सिट नं. ८ स्थित कि.नं. १८१२ को क्षेत्रफल ०-२-६१/२ (विगाहा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

**शर्तहरु :**

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको सम्पूर्ण शाखा कार्यालयहरुबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।

२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८३/०५/२९ गते १६:०० बजे भित्र यस बैंकको शाखा कार्यालय चन्द्रपुर, रौतहटमा बुझाई सक्नु पर्नेछ।

३. प्राप्त बोलपत्रहरु मिति २०८३/०५/३० गते १६:०० बजे यस बैंकको शाखा कार्यालय चन्द्रपुर, रौतहटमा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।

४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र बुझाउने अन्तिम दिनको भोलीपल्ट बोलपत्र खोलिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ।

५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नुपर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।

६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन।

७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कवोल गरेको सम्पूर्ण रकम नगदै वा अन्य वित्तिय माद्यम मार्फत तोकिएको खातामा जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।

८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।

९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै व्याज प्रदान गरिने छैन।

१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।

११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको हात्तिसार, काठमाडौं स्थित केन्द्रिकृत कर्जा असुली विभाग तथा शाखा कार्यालय चन्द्रपुर, रौतहटमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।

१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

Siddhartha Bank
शाखा कार्यालय : चन्द्रपुर, रौतहट
फोन नं. ०५५-५४०६३०
Website : www.siddharthabank.com

# इक्वेडरमा एल निनोका कारण आपत्काल घोषणा

एएफपी। इक्वेडरले एल निनो जलवायु घटनाका कारण शनिबार देशभर उच्च सतर्कता जारी गर्दै आपत्काल घोषणा गरेको अधिकारीहरूले बताएका छन्।

इक्वेडरको जोखिम व्यवस्थापन मन्त्रालयले एल निनोको सम्भावित प्रभावलाई ध्यानमा राख्दै देशभर उच्च सतर्कता जारी गरेको हो। सतर्कतासँगै सम्भावित जोखिमयुक्त क्षेत्रबाट नागरिकलाई सुरक्षित स्थानमा बसाइँसराइमा समेत असर पार्न सक्छ। इक्वेडरले देशको पूर्वी क्षेत्रमा पर्ने अमेजन क्षेत्रमा खडेरी र डढेलोको जोखिम बढ्ने अनुमान गरेको छ। यस वर्षको एल निनोले मध्य अमेरिकाका केही क्षेत्रमा गम्भीर खडेरी तथा इन्डोनेसियामा डढेलोको जोखिम बढाएको अधिकारीहरूले बताएका छन्।

वैज्ञानिकहरूका अनुसार हालको एल निनो वर्षको अन्त्यतिर उत्कर्षमा पुग्न सक्ने




सार्ने तथा अन्य आपत्कालीन उपाय समन्वय गर्न सम्बन्धित समितिहरू सक्रिय हुनेछन्।

एल निनोका कारण मध्य र पूर्वी भूमध्यरेखीय प्रशान्त महासागरको समुद्री सतहको तापक्रम बढ्नुका साथै हावाको बहाव, वायुदबाब र वर्षाको ढाँचामा परिवर्तन आउने गर्छ। यसले माछा मार्ने गतिविधि र चराहरूको र सन् २०२७ मा विश्वव्यापी तापक्रममा उल्लेखनीय वृद्धि हुन सक्ने अनुमान गरिएको छ।

पानामा, होन्डुरस र एल साल्भाडोरले यसअघि नै एल निनोका कारण आपत्काल घोषणा गरिसकेका छन्। पेरुले पनि एल निनोका कारण तीव्र गर्मी र वर्षाको जोखिमलाई ध्यानमा राख्दै आफ्ना करिब एकतिहाइ सहरमा आपत्काल घोषणा गरेको छ।

# इरानका सर्वोच्च नेता खामेनीद्वारा मुस्लिम देशहरूबीच एकताका लागि आह्वान



एएफपी। इरानका सर्वोच्च नेता मोज्तबा खामेनीले आइतबार क्षेत्रका मुस्लिम देशहरूलाई अमेरिका र इजरायलविरुद्ध एकजुट हुन आह्वान गर्नुभएको छ। यो आह्वान मध्यपूर्व युद्ध सुरु भएको छ महिनापछि जारी गरिएको लिखित सन्देशमा आएको हो।

इरानी सर्वोच्च नेता खामेनीले फेब्रुअरी २८ मा युद्ध सुरु हुँदा उहाँका बुबा अली खामेनी मारिएको केही समयपछि सत्ताको बागडोर सम्हाल्नुभएको हो।

सर्वोच्च नेताको नियुक्तिपछि उहाँ सार्वजनिक रूपमा देखिनुभएको छैन र अधिकारीहरूले उहाँको कुनै भिडियो वा अडियो पनि सार्वजनिक गरेका छैनन्।

"इस्लामी राष्ट्रहरूका समस्याहरूको समाधान शब्दको एकता, मित्रता र भलाइको बाटोमा सहकार्य हो," उहाँले आइतबार शिया मुस्लिमहरूले पैगम्बर मोहम्मदको जन्मदिन मनाइरहेका बेला भन्नुभएको छ।

"जानाजानी वा अनजानमै भए पनि कसैले पदमा भएर पनि मुस्लिमहरूबीच विभाजन ल्याउने र मुस्लिम समुदायमा द्वन्द्व सिर्जना गर्ने कुनै काम गर्छ भने उसले इस्लामका शत्रुहरूको उद्देश्य पूरा गर्न सेवा गरेको ठहर्नेछ," उहाँले आफ्नो आधिकारिक वेबसाइटमार्फत् सार्वजनिक वक्तव्यमा उल्लेख गर्नुभएको छ।

सर्वोच्च नेता खामेनीले अमेरिका र इजरायलतिर सङ्केत गर्दै मध्यपूर्व क्षेत्रका शासकहरूलाई 'आफ्नो वास्तविक शत्रु चिन्नुहोस्, उसको योजना बुझ्नुहोस् र त्यसको सामना गर्नुहोस्' भन्नुभयो।

युद्धको क्रममा इरानले साउदी अरब, संयुक्त अरब इमिरेट्स, जोर्डन, कुवेत, कतार र बहराइनसहित मध्यपूर्वका अमेरिकी सैन्य आधारहरूलाई निशाना बनाएको थियो।

त्यसपछि ती देशहरूसँगको सम्बन्ध बिग्रिएको छ।

महत्वपूर्ण राज्य नीतिमा अन्तिम निर्णय गर्ने अधिकार भएका खामेनीले इरानी अधिकारी र नागरिकहरूलाई पनि मतभेद बिर्सेर इजरायल र अमेरिकाविरुद्ध एकजुट हुन आह्वान गर्नुभयो।

"फेरि पनि यस सेवकको इरानी जनतालाई सल्लाह छ कि कुनै पनि तरिकाले आफूबीच मतभेद आउन नदिनुहोस्," उहाँले शुक्रबारको अर्को वक्तव्यको प्रतिध्वनि गर्दै भन्नुभयो।

"म दृढतापूर्वक घोषणा गर्छु, सामाजिक एकतामाथि हानिकारक कुनै पनि काम निषेधित छ," उहाँले शुक्रबारको सन्देशमा भन्नुभएको थियो।

शुक्रबार उहाँले इरानी अर्थतन्त्रलाई क्रमशः डलरमुक्त बनाउन र अमेरिकी नौसैनिक नाकाबन्दीका महिना र वर्षौंदेखिको कठोर प्रतिबन्धले जनजीवनमा पारेको असरपछि आर्थिक उत्पादन बढाएर वृद्धिमा सहयोग गर्न पनि आह्वान गर्नुभएको थियो।

# प्रिमियर कपमा ओमान र हङकङको विजयी सुरुआत

मलेसियामा आइतबारदेखि शुरु भएको एसिसी मेन्स प्रिमियर कपमा ओमान र हङकङले विजयी सुरुआत गरेका छन्।




क्वालालम्पुरस्थित बायुमास ओभलमा भएको समूह 'बी'को खेलमा ओमानले सिंगापुरलाई १ सय ३१ रनले पराजित गरेको छ।

पहिले ब्याटिङ गरेको ओमानले निर्धारित ५० ओभरमा ९ विकेट गुमाएर ३ सय १६ रन बनायो। ओमानका लागि विनायक शुक्लाले ८८, मुजीबुर अलीले ७१ र हम्माद मिर्जाले ५० रन बनाए।

३ सय १७ रनको लक्ष्य पछ्याएको सिंगापुर ४२.३ ओभरमा १ सय ८५ रनमै अलआउट भयो। ओमानका बलरले सुरुदेखि नै दबाब कायम राखेपछि सिंगापुरले खेलमा बलियो चुनौती प्रस्तुत गर्न सकेन।

बांगीस्थित वाईएसडी यूकेएम क्रिकेट ओभलमा भएको समूह 'ए'को खेलमा हङकङले साउदी अरेबियालाई १६ रनले हरायो। हङकङले पहिले ब्याटिङ गर्दै ४८.५ ओभरमा २ सय ७३ रन बनाएको थियो।

हङकङका लागि बाबर हयातले सर्वाधिक ७३ रन बनाए। उनले ८९ बलमा ७ चौका र ३ छक्का प्रहार गरे। अनसुमान रथले ६८ बलमा ७ चौका र २ छक्कासहित ६४ रन जोडे। कप्तान यासिम मुर्तजाले ५४ रनको आक्रामक इनिङ खेले। उनले ४४ बलमा ६ चौका र २ छक्का प्रहार गरे। सोको जवाफमा साउदी अरेबियाको टोली ४९.२ ओभरमा २ सय ५७ रनमा अलआउट भयो। साउदीका लागि अब्दुल मनान अलीले ५४ रन, एफ. खानले र एम. शेखले समान ५० रन बनाए।

१० टोली सहभागी प्रतियोगितामा नेपालले सोमबार बहराइनसँग खेल्दै प्रतियोगिताको सुरुआत गर्नेछ। प्रतियोगिताको विजेताले २०२७ को एसिया कपमा स्थान बनाउनुपर्ने हुन्छ।

# फिदिम स्पोर्टिङ क्लब ताप्लेजुङ गोल्डकपको सेमिफाइनलमा

ताप्लेजुङ। पाँचथरको फिदिम स्पोर्टिङ क्लब ताप्लेजुङमा जारी अन्तरराष्ट्रिय आमन्त्रण चौथो ताप्लेजुङ गोल्डकपको सेमिफाइनलमा प्रवेश गरेको छ।

शनिबार भएको दोस्रो क्वार्टरफाइनल खेलमा काठमाडौंको चित्लाङ फुटबल क्लबलाई टाइब्रेकरमा ४-३ गोलअन्तरले पराजित गर्दै फिदिम स्पोर्टिङ क्लब सेमिफाइनलमा प्रवेश गरेको हो। निर्धारित समयमा दुवै टोलीबाट गोल हुन नसकेपछि खेल टाइब्रेकरमा धकेलिएको थियो।

टाइब्रेकरमा पाँचथरका निरोज लिङ्देन, सुसन जबेगु, हितेन लिम्बू र अनिस परियारले गोल गरे। चित्लाङका तर्फबाट मिक्सो लिम्बू, चेतन थारू र किरण सुनारले गोल गरेका थिए। खेलमा पाँचथरका गोलरक्षक मिराक खजुम म्यान अफ द म्याच घोषित भए।

यसअघि शुक्रबार भएको खेलमा आयोजक ताप्लेजुङ-११ लाई २-१ गोलअन्तरले पराजित गर्दै भारतको जर्जियन युनाइटेड फुटबल क्लब सेमिफाइनलमा प्रवेश गरिसकेको छ।

लाखेजात्रा पर्वको अवसर पारेर लाखेजात्रा सञ्चालन समितिले आयोजना गरेको उक्त प्रतियोगिता यही भदौ १९ गतेसम्म सञ्चालन हुनेछ। प्रतियोगितामा आठ टोलीको सहभागिता रहेको छ। आजको क्वाटरफाइनल खेलमा सातदोबाटो फुटबल क्लब र साबिक विजेता सलहेश युवा क्लबबीच प्रतिस्पर्धा हुनेछ।

प्रतियोगिताको विजेताले रु सात लाख दुई हजार र उपविजेताले रु तीन लाख ५२ हजार नगद पुरस्कारसहित ट्रफी, पदक र प्रमाणपत्र प्राप्त गर्ने आयोजक समितिका कोषाध्यक्ष दावा शेर्पाले जानकारी दिए।

# पाकिस्तानमा शिशु वार्डमा १४ नवजातको मृत्युपछि आठ अधिकारी निलम्बित




एएफपी। पाकिस्तानको राजधानी इस्लामावादस्थित एक अस्पतालको नवजात शिशु वार्डमा भएको आगलागीमा १४ शिशुको मृत्यु भएपछि प्रधानमन्त्री शहबाज सरिफले आठ अधिकारीलाई निलम्बन गरी उनीहरूमाथि फौजदारी कारबाही अघि बढाउन निर्देशन दिनुभएको छ।

प्रधानमन्त्रीद्वारा गठित चार सदस्यीय समितिको प्रारम्भिक प्रतिवेदनअनुसार बुधबार बिहान ६:३० बजेपछि करिब दुई मिनेटमै आगलागी वार्डभर फैलिएको थियो। अस्पतालको निगरानीमा रहेका १५ शिशुमध्ये एक नर्सले एक जनालाई मात्र उद्धार गर्न सकेकी थिइन्।

निलम्बित हुनेमा अस्पतालका कार्यकारी निर्देशक, नवजात शिशु विभागका प्रमुख तथा इस्लामावादको आपत्कालीन सेवाका महानिर्देशकसहितका अधिकारी छन्।

प्रधानमन्त्री सरिफले शनिबार जिम्मेवार व्यक्तिलाई कुनै छुट नदिइने र उनीहरूलाई कानुनी कारबाहीको दायरामा ल्याइने बताउनुभयो। उहाँले अस्पतालको सुरक्षा व्यवस्थापनको जिम्मा पाएको कम्पनीविरुद्ध समेत कारबाही अघि बढाउन स्वीकृति दिनुभएको छ।

प्रतिवेदनअनुसार आगलागी सुरु भएको करिब छ मिनेटपछि आपत्कालीन सेवालाई जानकारी दिइएको थियो भने पहिलो उद्धार टोली १५ मिनेटपछि घटनास्थल पुगेको थियो। अभिभावक तथा प्रत्यक्षदर्शीहरूले उद्धार कार्य ढिलो भएको र सुरक्षाकर्मीले मानिसहरूलाई भवनबाट बाहिरिन रोकेको आरोप लगाएका छन्।

अस्पतालमा आगलागी तथा अन्य आपत्कालीन अवस्थासम्बन्धी पर्याप्त सञ्चालन कार्यविधि र तालिमको व्यवस्था नभएको पनि प्रतिवेदनमा उल्लेख छ। आगलागी हुँदा वार्डमा दुई नर्स, एक महिला सुरक्षाकर्मी र अर्का एक कर्मचारी उपस्थित थिए।

स्वास्थ्यमन्त्री मुस्तफा कमालले यसअघि एयर कन्डिसनरबाट निस्किएको झिल्काका कारण आगलागी भएको हुन सक्ने बताउनुभएको थियो। तर प्रारम्भिक प्रतिवेदनले आगलागीको वास्तविक कारण अझै पुष्टि नभएको जनाएको छ। घटनापछि स्वास्थ्य सचिव असलम घोरीलाई पदबाट हटाइएको थियो।

पाकिस्तानमा कमजोर सुरक्षा मापदण्ड र नियमको फितलो कार्यान्वयनका कारण भवनमा आगलागीका घटना हुने गरेका छन्। गत जनवरीमा कराँचीको एक सपिङ सेन्टरमा भएको आगलागीमा ६५ जनाभन्दा बढीको मृत्यु भएको थियो। सन् २०२३ मा कराँचीकै अर्को सपिङ मलमा आगलागी हुँदा कम्तीमा ११ जनाको मृत्यु भएको थियो।

# रुसद्वारा युक्रेनको ऊर्जा पूर्वाधारमा 'ठूलो आक्रमण'को तयारी



एएफपी। रुसले युक्रेनले रुसी ऊर्जा तथा नागरिक पूर्वाधारमा गरेको आक्रमणको जवाफमा युक्रेनको ऊर्जा पूर्वाधारमा ठूलो आक्रमणको तयारी थालेको जनाएको छ।

रुसी रक्षा मन्त्रालयले आइतबार टेलिग्राममार्फत युक्रेनको ऊर्जा क्षेत्रका संरचनामाथि ठूलो मात्रामा आक्रमणको तयारी सुरु गरिएको जनाएको हो।

गत हिउँदमा रुसले युक्रेनका विद्युत् उत्पादन तथा प्रसारण संरचनामा पटकपटक आक्रमण गर्दा देशको ऊर्जा प्रणालीमा ठूलो क्षति पुगेको थियो। त्यसका कारण लाखौं मानिसले अत्यधिक चिसोका बीच विद्युत् तथा ताप आपूर्तिको समस्या झेल्नुपरेको थियो।

पछिल्ला महिनामा दुवै पक्षले लामो दूरीका ड्रोन तथा क्षेप्यास्त्रमार्फत एकअर्काका सैन्य तथा ऊर्जा पूर्वाधार, गोदाम, तेल प्रशोधन केन्द्र र बन्दरगाहलगायत संरचनालाई लक्षित गर्दै आएका छन्। ती आक्रमणमा सर्वसाधारणसमेत हताहत भएका छन्।

रुसी रक्षा मन्त्रालयले आइतबार किएभस्थित एस्बेस्टोस तथा सिमेन्ट उत्पादन गर्ने एक कारखानामा आक्रमण गरेको दाबी गरेको छ। उक्त कारखानाका गोदाममा विस्फोटक पदार्थ भण्डारण गरिएको र त्यहाँ ड्रोन तथा हतियार उत्पादन हुने मन्त्रालयको दाबी छ।

यसअघि शनिबार किएभको उपनगरमा रहेको गोलाबारुद भण्डारमा रुसी आक्रमण हुँदा ठूलो विस्फोट भएको थियो। स्थानीय अधिकारीहरूका अनुसार घटनामा कम्तीमा ३७ जनाको मृत्यु भएको थियो।

यता, युक्रेनी अधिकारीहरूले उत्तरपश्चिमी रुसमा रहेको एक तेल प्रशोधन केन्द्रमा युक्रेनी ड्रोनले आक्रमण गरेको बताएका छन्। आक्रमणपछि त्यहाँ आगलागी भएको उनीहरूले जनाएका छन्।

# मातृमृत्यु घटाउन अफ्रिकामा पुरुष "मिडवाइफ"को भूमिका बढ्दै

एएफपी। अफ्रिकामा सुत्केरीसम्बन्धी जटिलताबाट हुने मातृमृत्यु घटाउने प्रयाससँगै पुरुष मिडवाइफ (प्रसूति स्याहारकर्ता) को संख्या बढ्दै गएको छ। यद्यपि, यस क्षेत्रमा पुरुष मिडवाइफ अझै पनि निकै कम रहेका छन्।

दक्षिणी अफ्रिकी मुलुक लेसोथोका न्ट्लहाने सेहलोहो करिब ३०० पुरुष मिडवाइफमध्ये एक हुनुहुन्छ। उहाँले विगत दुई दशकदेखि ग्रामीण क्षेत्रमा गर्भवती महिलालाई प्रसूतिपूर्व तथा प्रसूतिसम्बन्धी सेवा दिँदै आउनुभएको छ।

लेसोथोमा परम्परागत रूपमा मिडवाइफको काम महिलाको पेसाका रूपमा लिइन्थ्यो। तर ग्रामीण क्षेत्रमा स्वास्थ्यकर्मीको अभाव र उच्च मातृमृत्युदरका कारण सरकारले पुरुष नर्सलाई समेत मिडवाइफको तालिम दिन थालेको हो।

संयुक्त राष्ट्रसङ्घका अनुसार लेसोथोमा प्रत्येक एक लाख जीवित जन्ममा



करिब ५३० महिलाको मृत्यु हुने गरेको छ, जुन विश्वको औसत करिब २०० भन्दा निकै बढी हो। युनिसेफका अनुसार अहिले लेसोथोमा ९२ प्रतिशत प्रसूति सेवा तालिमप्राप्त स्वास्थ्यकर्मीबाट प्रदान हुँदै आएको छ।

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) का अनुसार विश्वभरका मिडवाइफमध्ये पुरुषको हिस्सा एक प्रतिशतभन्दा कम छ। डब्लुएचओ र युनिसेफले प्रसूति सेवामा जनशक्तिको अभाव पूरा गर्न महिला र पुरुष दुवैलाई यस क्षेत्रमा आउन प्रोत्साहित गर्दै आएका छन्।

लेसोथोको स्वास्थ्य मन्त्रालयअन्तर्गत स्वास्थ्य सेवाका कार्यवाहक निर्देशक डा ल्याङ मामाका अनुसार पुरुष मिडवाइफप्रति केही महिलामा अझै हिचकिचाहट भए पनि समुदायले विस्तारै स्वीकार गर्दै गएको छ। महिलाले असहज महसुस गरेमा महिला स्वास्थ्यकर्मीबाट सेवा लिन सक्ने व्यवस्था गरिएको उहाँले बताउनुभयो।

सेहलोहोले पनि पुरुष मिडवाइफका लागि महिलाको विश्वास जित्नु महत्त्वपूर्ण रहेको बताउनुभयो। ग्रामीण परिवेशमा आफू पनि हुर्किएको र महिलाले भोग्ने कठिनाइ बुझेको बताउँदै उहाँले बिरामीलाई सहज महसुस गराउने प्रयास गर्दै आएको बताउनुभयो।

युनाइटेड नेसन्स पपुलेसन फन्ड (यूएनएफपीए) की प्रतिनिधि ब्लान्डिना मोटाउङले पुरुष मिडवाइफप्रति मिश्रित प्रतिक्रिया भए पनि कतिपय महिलाले उनीहरूको सावधानीपूर्ण र संवेदनशील व्यवहारको प्रशंसा गर्ने गरेको बताउनुभो।

लेसोथोका केही महिला भने महिला स्वास्थ्यकर्मीबाट सेवा लिन सहज मान्छन् भने केहीले पुरुष मिडवाइफबाट उपचार गराउन कुनै समस्या नरहेको बताएका छन्।



## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय चन्द्रपुर, रौतहटको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८३/०५/१५ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई/बैंकबाट प्रवाह भएको कर्जा व्यवसायमा नलगाई अन्यत्र लगानी गरेको पाईएकोले/नविकरणका लागी आवश्यक कागजात नबुझाएको कारणले कर्जा नविकरण गर्न नसकिई ऋण लिँदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता ब्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

### तपसिल

**ऋणीको विवरण**

कैलास साह सोनारको नाति, जोगी साह सोनारको छोरा, रौतहट जिल्ला, साविक समनपुर गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गढीमाई न.पा. वडा नं. २ बस्ने **राम साह** (ना.प्र.नं. ३३५१, जारी मिति २०६१/११/१८, जि.प्र.का. रौतहट)।

**व्यक्तिगत जमानीकर्ताको विवरण**

| | |
|---|---|
| १. जोगी साह सोनारको बुहारी, राम साहको पत्नि, रौतहट जिल्ला, साविक समनपुर गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गढीमाई न.पा. वडा नं. २ बस्ने **उमा देवी** (ना.प्र.नं. ५५, जारी मिति २०६३/१२/०८, जि.प्र.का. रौतहट)। | २. दिपा साहको नाति, कैलास साह सोनारको छोरा, सर्लाही जिल्ला, साविक नरहजगंज गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गढीमाई न.पा. वडा नं. २ बस्ने **जोगी साह सोनार** (ना.प्र.नं. ८९, जारी मिति २०६१/०९/२१, जि.प्र.का. काठमाडौं)। |
| ३. कैलास साह सोनारको बुहारी, जोगी साह सोनारको पत्नि, रौतहट जिल्ला, साविक संग्रामपुर गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गढीमाई न.पा. वडा नं. २ बस्ने **उर्मिला देवी** (ना.प्र.नं. ७/२९५, जारी मिति २०४६/०१/१८, जि.प्र.का. रौतहट)। | ४. जोगी साह सोनारको बुहारी, मोहन साहको पत्नि, रौतहट जिल्ला, साविक समनपुर गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गढीमाई न.पा. वडा नं. २ बस्ने **प्रमिला देवी साह** (ना.प्र.नं. ०३२३०८९/७६, जारी मिति २०६३/१२/१३, जि.प्र.का. रौतहट)। |
| ५. जोगी साह सोनारको बुहारी, लक्ष्मण साहको पत्नि, रौतहट जिल्ला, साविक समनपुर गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गढीमाई न.पा. वडा नं. २ बस्ने **खुश्बु देवी साह** (ना.प्र.नं. ३२३०८९/२, जारी मिति २०६८/०४/०१, जि.प्र.का. रौतहट)। | ६. कैलास साह सोनारको नाति, जोगी साह सोनारको छोरा, रौतहट जिल्ला, साविक समनपुर गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गढीमाई न.पा. वडा नं. २ बस्ने **मोहन साह** (ना.प्र.नं. १४७२, जारी मिति २०५१/०९/१३, जि.प्र.का. रौतहट)। |
| ७. कैलास साह सोनारको नाति, जोगी साह सोनारको छोरा, रौतहट जिल्ला, साविक समनपुर गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गढीमाई न.पा. वडा नं. २ बस्ने **लक्ष्मण साह** (ना.प्र.नं. ३३५०, जारी मिति २०६१/११/१८, जि.प्र.का. रौतहट)। | |

**धितोको विवरण**

राम साह (ना.प्र.नं. ३३५१, जारी मिति २०६१/११/१८, जि.प्र.का. रौतहट) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको रौतहट जिल्ला, साविक समनपुर गा.वि.स. वडा नं. ४ स्थित कि.नं. १३०२ को क्षेत्रफल ०-०-१३-१३¹⁄₄ (विगाहा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

Siddhartha Bank
शाखा कार्यालय : चन्द्रपुर, रौतहट
फोन नं. ०५५-५४०६३०
Website : www.siddharthabank.com

# भोटेकोशी बाढीपछिको उद्धार तथा राहतमा भारत–चीनसहित अन्तरराष्ट्रिय समुदायको सहयोग



काठमाण्डु । भोटेकोशी बाढी प्रभावित क्षेत्रमा जारी उद्धार तथा राहत कार्यमा नेपाललाई छिमेकी भारत र चीनसहित अन्तरराष्ट्रिय समुदायले सहयोग गरिरहेका छन् ।

बाढीबाट जनधनको ठूलो क्षति भएपछि प्रभावित क्षेत्रमा उद्धार, राहत तथा पुनःस्थापनाका लागि भारत र चीनले सुरुआती दिनदेखि नै राहत सामग्री, सुरुङ उद्धार टोली तथा प्राविधिक जनशक्ति उपलब्ध गराएका छन् भने विभिन्न अन्तरराष्ट्रिय संस्थाले आर्थिक तथा प्राविधिक सहयोगको प्रतिबद्धता जनाएका छन् ।

बाढीबाट तल्लो तटीय क्षेत्रमा रहेका आवासीय क्षेत्र, सडक, पुल तथा अन्य पूर्वाधारमा व्यापक क्षति पुगेको छ । प्रभावित क्षेत्रमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालसहित राज्यका विभिन्न निकाय उद्धार तथा राहत कार्यमा परिचालित छन् ।

भारतबाट ११ टन राहत सामग्री बोकेको चौथो चरणको उडान आज बिहान काठमाडौँमा अवतरण गरेको छ । राहत सामग्रीमा खोज तथा उद्धारका लागि आवश्यक उपकरणसहितको सुरुङ उद्धार प्राविधिक टोली, डीएनए विश्लेषणका लागि फरेन्सिक विज्ञहरूको टोली तथा कम्बल, स्लीपिङ ब्याग, त्रिपाल, प्लास्टिक सिट र सरसफाइ किटलगायत सामग्री समावेश रहेको यहाँस्थित भारतीय दूतावासले जनाएको छ ।

स्थलगत निरीक्षण टोलीको मूल्याङ्कनका आधारमा विशेष उपकरणसहित १३ सदस्यीय भारतीय सेनाको सुरुङ उद्धार टोली नेपाल आएको हो । उक्त टोलीले नेपाली विपद् प्रतिकार्य टोलीले सञ्चालन गरिरहेको खोज तथा उद्धार कार्यमा सहयोग गर्नेछ । मृतकका अवशेषको पहिचानका लागि डीएनए नमुना विश्लेषणमा सहयोग गर्न छ वटा फरेन्सिक टोलीका १९ सदस्यीय समूह पनि नेपाल आएको दूतावासले जनाएको छ ।

यसअघि भारतले शनिबारसम्म भारतीय वायुसेनाका विमानमार्फत नेपालमा करिब ५७ दशमलव ५ टन राहत सामग्री ढुवानी गरिसकेको छ । बाढी आएको बुधबार नै भारतीय वायुसेनाको विमानले अस्थायी आश्रयस्थल, कम्बल, सरसफाइ किट, सौर्य बत्ती तथा औषधिलगायत १० टन आकस्मिक राहत सामग्री नेपाल ल्याएको थियो ।

त्यसको भोलिपल्ट बिहीबार भारत सरकारले पाल, कम्बल, सरसफाइ किट, सौर्य बत्ती, पानी निकाल्ने पम्प, भान्साका सामग्री, जेनेरेटर सेट, औषधि तथा खाद्य सामग्रीसहित ३७ दशमलव ५ टन राहत सामग्री पठाएको थियो ।

त्यसपछि भारतले शुक्रबार पाँच सदस्यीय भारतीय सेनाको सुरुङ उद्धार प्रारम्भिक निरीक्षण टोली र छ सदस्यीय चिकित्सा टोली पठाउनुका साथै पोर्टेबल जेनेरेटर सेट, डिग्निटी किट, खाद्य सामग्री, पानी शुद्धीकरणका ट्याब्लेट तथा औषधिसहित थप १० टन सामग्री पठाएको थियो ।

आज बिहान चीनको जनमुक्ति सेना वायुसेनाका दुई वटा ढुवानी विमान चीनद्वारा प्रदान गरिएको आपत्कालीन राहत सामग्री लिएर त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आइपुगेका छन् । चार जना चिनियाँ सुरुङ उद्धार विशेषज्ञ उद्धार उपकरणसहित विमानमा आएका छन् ।

दुवै ढुवानी विमानले चीनको छेन्दु शुआङ्लिउ अन्तर्राष्ट्रिय विमानस्थलबाट उडान भरेका थिए । करिब तीन घण्टाको उडानपछि काठमाडौँ आइपुगेका ती विमानले पाल, कम्बल, स्लीपिङ ब्याग, हार्डट्र्याक तथा प्राथमिक उपचार किटलगायत १३ हजार दुई सय थान आपत्कालीन राहत सामग्रीसहित ५० टन सामग्री ल्याएका छन् ।

भारत र चीनका सुरुङ उद्धार टोली भोटेकोशी बाढी प्रभावित क्षेत्रमा सुरुङमा फसेका व्यक्तिको उद्धारमा खटिएका छन् । प्रभावित क्षेत्रका कतिपय जलविद्युत् आयोजनाका सुरुङमा अझै कैयौँ व्यक्ति फसेका र नेपाली सुरक्षाकर्मीले उद्धार जारी राखेका बेला दुवै छिमेकी मुलुकका सुरुङ उद्धार टोली शनिबार नेपाल आइपुगेका थिए ।

पछिल्लो जानकारीअनुसार प्रभावित क्षेत्रबाट शनिबार साँझसम्म सात हजार ५१४ जनालाई हवाई तथा स्थलमार्गबाट उद्धार गरी सुरक्षित स्थानमा पुऱ्याइएको छ । जसमध्ये विभिन्न जलविद्युत् आयोजना क्षेत्रमा फसेका २७९ जनाको उद्धार भइसकेको छ भने बाँकी क्षेत्रमा नेपाली सेनाले उद्धार प्रयास जारी राखेको जनाएको छ । उद्धार कार्यमा भारतीय तथा चिनियाँ विज्ञ नेपाली सेनासँगको समन्वयमा खटिएका छन् ।

प्रभावित क्षेत्रमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालका गरी १८ हजार ७०८ सुरक्षाकर्मी परिचालित छन् ।

यसैगरी, प्रभावितको व्यवस्थापन तथा पुनःस्थापनाका लागि अन्तरराष्ट्रिय समुदायबाट पनि आर्थिक तथा प्राविधिक सहयोगको प्रतिबद्धता आएको छ । एशियाली विकास बैंक (एडीबी)बाट बजेटरी सहयोग (अनुदान) स्वरूप पाँच मिलियन अमेरिकी डलर, विश्व बैंकबाट १६७ मिलियन अमेरिकी डलरको सहुलियतपूर्ण कर्जा, अमेरिकी सरकारबाट पाँच लाख अमेरिकी डलर र अष्ट्रेलिया सरकारबाट एक मिलियन अमेरिकी डलर नगद सहयोग उपलब्ध गराउने प्रतिबद्धता आएको छ । एडीबीले प्राविधिक सहायताका लागि एक लाख ५० हजार अमेरिकी डलर उपलब्ध गराउने प्रतिबद्धता जनाएको छ ।

हालसम्म रसुवा, धादिङ, नुवाकोट, चितवन, तनहुँ, गोरखा, नवलपरासी पूर्व र नवलपरासी पश्चिमका विभिन्न स्थानमा ६७५ वटा शव फेला परेका छन् । फेला परेका शवलाई 'एयरटाइट ब्याग'मा राखेर व्यवस्थापन गर्ने भइरहेको छ ।

'पहिचान नभएका तथा शव व्यवस्थापन (पहिलो संशोधन) निर्देशिका, २०८३' बमोजिम शव व्यवस्थापन गरिँदैछ । पहिचान गर्न नसकिने अवस्थामा भेटिएका शवको डीएनएलगायत पहिचानमा सहयोग गर्ने आधार सुरक्षित राखी सरकारले व्यवस्थापन गर्न लागेको हो । परिवारले पहिचान गरेका शव भने सम्बन्धित परिवारलाई जिम्मा लगाउने काम भइरहेको छ । रासस

## अर्घाखाँची सिमेन्टद्वारा बाढीपीडितका लागि एक करोड ११ लाख सहयोग



रुपन्देही । भोटेकोशी बाढीबाट प्रभावित नागरिकको राहत, उद्धार तथा पुनःस्थापनाका लागि अर्घाखाँची सिमेन्ट प्रालिले रु एक करोड ११ लाख सहयोग गरेको छ । कम्पनीका अध्यक्ष पशुपति मुरारका तथा प्रबन्ध निर्देशक राजेश अग्रवालले संयुक्त रूपमा उक्त रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषका लागि अर्थमन्त्री स्वर्णिम वाग्लेलाई हस्तान्तरण गर्नुभएको हो ।

प्राकृतिक विपद्का कारण विभिन्न जिल्लामा ठूलो जनधनको क्षति भइरहेका बेला प्रभावित नागरिकको राहत तथा उद्धारमा सहयोग पुऱ्याउने उद्देश्यले उक्त रकम प्रदान गरिएको कम्पनीले जनाएको छ । विपद्को समयमा निजी क्षेत्रको सामाजिक उत्तरदायित्व महत्त्वपूर्ण हुने उल्लेख गर्दै उहाँहरूले प्रभावित नागरिकको सहयोगका लागि सरकार, निजी क्षेत्र तथा सामाजिक सङ्घसंस्था एकजुट भएर अघि बढ्नुपर्नेमा जोड दिनुभयो ।

अर्घाखाँची सिमेन्टले विपद् तथा सङ्कटका समयमा पीडित नागरिकको सहयोगलाई प्राथमिकतामा राख्दै आगामी दिनमा पनि सामाजिक उत्तरदायित्वअन्तर्गत आवश्यक सहयोगलाई निरन्तरता दिने जनाएको छ । रासस

## बाढी प्रभावित क्षेत्रको पुनःस्थापनाका लागि जलवायु वित्त माग

काठमाण्डु । जलवायु विज्ञ, अनुसन्धानकर्ता तथा प्रभावित समुदायले भोटेकोशी बाढी प्रभावित नागरिकको पुनःस्थापना र क्षतिग्रस्त भौतिक संरचनाको पुनर्निर्माणका लागि तत्काल पर्याप्त अनुदानमा आधारित जलवायु वित्त उपलब्ध गराउन अन्तरराष्ट्रिय समुदायसँग माग गरेका छन् । नेपालले जलवायु परिवर्तनमा नगण्य योगदान गरे पनि यसको असरको अग्रपङ्क्तिमा रहेको उल्लेख गर्दै विपद्पछिको पुनर्निर्माणका लागि नयाँ ऋण थप्नु अन्यायपूर्ण हुने उनीहरूको भनाइ छ ।

कृषि, वन तथा पर्यावरण मन्त्रालयको जलवायु व्यवस्थापन महाशाखाका प्रमुख डा महेश्वर ढकालले नेपालको विद्यमान पूर्वसूचना प्रणाली मात्र पर्याप्त नहुने र जलवायुजन्य क्षति तथा नोक्सानीका आधारमा अन्तरराष्ट्रिय क्षतिपूर्ति दाबी गर्न विश्वसनीय, प्रमाणमा आधारित र निर्णय गर्न सकिने स्तरको तथ्याङ्क तथा प्रमाण आवश्यक हुने बताउनुभयो ।

"तापक्रम बढ्दा हिउँ पग्लिएर ताल बन्यो र भोटेकोशी बाढी आएको हो । भोटेकोशी बाढी जलवायुजन्य क्षति तथा नोक्सानीका आधारमा अन्तरराष्ट्रिय क्षतिपूर्ति दाबी गर्ने बलियो आधार बनेको छ", उहाँले भन्नुभयो, "नेपालले त्यस्तो प्रमाण प्रणाली विकास गरिरहेको भए पनि अझै पर्याप्त तथ्याङ्कीय आधार निर्माण हुन बाँकी रहेको छ ।"

विशेषगरी क्षति तथा हानि सम्बोधन कोषबाट सहयोग प्राप्त गर्न नेपालले विपद्को प्रभाव, आर्थिक तथा गैर-आर्थिक क्षति, जलवायु परिवर्तनसँगको सम्बन्ध र आवश्यकताको स्पष्ट प्रमाण प्रस्तुत गर्नुपर्ने उहाँले बताउनुभयो । त्यसका लागि पूर्वसूचना प्रणालीसँगै हानि तथा नोक्सानीको व्यवस्थित अभिलेखीकरण र वैज्ञानिक मूल्याङ्कन आवश्यक हुने डा ढकालको भनाइ छ ।

नेपालले विभिन्न अन्तरराष्ट्रिय फोरममा जलवायु वित्त, अनुकूलन, जलवायुजन्य हानि तथा नोक्सानी, प्रविधि हस्तान्तरण र क्षमता विकासलगायत विषयमा आवाज उठाउँदै आएको डा ढकालको भनाइ छ । उहाँले जलवायु परिवर्तनमा नेपालको योगदान न्यून भए भोटेकोशी बाढीजस्ता उच्च जोखिम रहेकाले जलवायु न्यायको विषयलाई अन्तरराष्ट्रिय कूटनीतिमा प्रभावकारी रूपमा उठाइने बताउनुभयो ।

"हिमाल, हिमनदी, हिमाली पारिस्थितिक प्रणाली तथा जलसुरक्षासँग जोडिएका नेपालको विशिष्ट अवस्थालाई अन्तरराष्ट्रिय मञ्चमा प्रस्तुत गर्दै जलवायु कूटनीतिलाई थप प्रभावकारी बनाउने प्रयास गरिरहेका छौँ", ढकालले भन्नुभयो, "नेपालले जलवायु न्यायको स्पष्ट धारणा, हिमाली मुलुकका रूपमा रहेको विशिष्ट पहिचान, अन्तरराष्ट्रिय विश्वसनीयता तथा विभिन्न मुलुक र क्षेत्रीय समूहसँग सहकार्य गर्ने क्षमता रहेकाले हिमाली मुद्दामा हामी 'लिड' गर्न सक्छौँ ।"

अन्तरराष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड)का अनुसार हालका घटनामा बाढीले गिटी, बालुवा, माटो र ठूला ढुङ्गा बोकेको देखिन्छ र जसले पानी मात्र भएको बाढीको तुलनामा धेरै क्षति पुऱ्याउँछ । तापमान वृद्धिका कारण हिमनदीजन्य घटनामा वृद्धि भएको इसिमोडले जनाएको छ ।

इसिमोडका अनुसार छोटो अवधिमा उच्च तापमान वृद्धिका कारण बरफ खसाल्ने, हिमतालको प्राकृतिक बाँध भत्कने, उच्च हिमाली क्षेत्रमा चट्टान खस्ने, जमिन भासिने घटना निम्त्याउँछ । जलवायु क्षेत्रमा काम गर्ने विज्ञहरूले आज यस सम्बन्धमा संयुक्त रूपमा वक्तव्यसमेत जारी गरेको छन् । जलवायुजन्य हानी तथा नोक्सानी कोष, हरित जलवायु कोष र अनुकूलन कोषमार्फत ऋणरहित अनुदान तत्काल उपलब्ध गराउन उहाँहरूको माग छ ।

तोकिएका राष्ट्रिय निकायमार्फत त्यस्तो वित्त आपतकालीन उद्धार, राहत, सुरक्षित पुनर्वास तथा जलवायु-सहनशील पुनर्निर्माणमा प्रत्यक्ष परिचालन गर्नुपर्नेमा जोड दिइएको छ । भोटेकोशी बाढीबाट भएको क्षतिको पुनर्निर्माणका लागि ठूलो रकम आवश्यकपर्ने प्रारम्भिक अनुमान गरिरहेका बेला जलवायु विज्ञहरूको यस्तो माग गर्नुभएको हो ।

अर्थमन्त्री स्वर्णिम वाग्लेले पुनर्निर्माणका लागि चारदेखि पाँच अर्ब अमेरिकी डलरसम्म आवश्यक पर्नसक्ने प्रारम्भिक अनुमान सार्वजनिक गर्नुभएको छ । जलवायु अभियन्ता राज थापाले नेपालजस्तो जलवायु जोखिमयुक्त मुलुकलाई विपद्पछि थप ऋणको भार बोकाउनु 'दोहोरो अन्याय' हुने बताउनुभयो । विपद्बाट जीवन र जीविका गुमाएका समुदायले पुनःऋण तिर्नुपर्ने अवस्था सिर्जना गर्न नहुने उहाँको भनाइ छ ।

"हिमालय क्षेत्रमा हिउँ तथा हिमनदी पग्लिनेक्रम तीव्र हुँदै गएको, जसका कारण हिमताल विस्फोटजन्य बाढी (जिएलओएफ), पहिरो तथा आकस्मिक बाढीको जोखिम बढिरहेको छ", थापाले भन्नुभयो, "जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रमा बढ्दै गएको जोखिमलाई ध्यानमा राखेर हिमालय-विशिष्ट पूर्वसूचना प्रणाली तथा हिमनदी अनुगमन प्रणालीमा तत्काल लगानी गर्न पनि माग गरिएको छ । हालको मनसुनकेन्द्रित पूर्वसूचना संरचना उच्च हिमाली क्षेत्रमा हुने यस्ता विपद्का लागि पर्याप्त छैन ।"

संयुक्त वक्तव्यमा क्षति तथा हानि कोषलाई पूर्ण रूपमा र शीघ्र सञ्चालन गरी नेपालजस्ता जोखिमयुक्त मुलुकले प्रतिबद्धता र वास्तविक वित्तीय सहयोगबीच वर्षौं कुर्नुपर्ने अवस्था अन्त्य गर्नुपर्ने उल्लेख छ ।रासस


## कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८३/०५/१५ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको तपसिलमा उल्लेखित शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र कर्जा चुक्ता गर्न गराउनु हुन ऋणी तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ ।

### तपसिल

**क्र.सं. शाखा कार्यालय : सिन्धुली**

**ऋणीको नाम, ठेगाना**

**१. नाम : खिल जंग थापा**
ना.प्र.नं. ३६८९७, जि.प्र.का. सिन्धुली, जारी मिति : २०६१/०२/१७
बाबुको नाम : डम्बर बहादुर थापा, बाजेको नाम : गंगा बहादुर थापा
ठेगाना : सिन्धुली जिल्ला, रतनचुरा गा.वि.स. वडा नं. ५, हाल : सिन्धुली जिल्ला, कमालामाई न.पा. वडा नं. ६

**जमानतकर्ताको विवरण**

| | |
|---|---|
| **१. नाम : तिर्थ कुमारी थापा**<br>ना.प्र.नं. ३७०/८८९, जि.प्र.का. सिन्धुली<br>जारी मिति : २०४४/१०/२२<br>पतिको नाम : डम्बर बहादुर थापा<br>ससुराको नाम : गंगा बहादुर थापा<br>ठेगाना : सिन्धुली जिल्ला, रतनचुरा गा.वि.स. वडा नं. ५<br>हाल : सिन्धुली जिल्ला, कमालामाई न.पा. वडा नं. ६ | **२. नाम : रमा कुमारी श्रेष्ठ**<br>ना.प्र.नं. ५८, जि.प्र.का. सिन्धुली<br>जारी मिति : २०६२/०९/०९<br>पतिको नाम : खिल जंग थापा<br>ससुराको नाम : डम्बर बहादुर थापा<br>ठेगाना : सिन्धुली जिल्ला, रतनचुरा गा.वि.स. वडा नं. १<br>हाल : सिन्धुली जिल्ला, कमालामाई न.पा. वडा नं. ६ |

**३. नाम : डम्बर बहादुर थापा**
ना.प्र.नं. ८८५/२५९६, जि.प्र.का. सिन्धुली, जारी मिति : २०४२/०२/०१
बाबुको नाम : गंगा बहादुर थापा, बाजेको नाम : नर बहादुर
ठेगाना : सिन्धुली जिल्ला, रतनचुरा गा.वि.स. वडा नं. ५, हाल : सिन्धुली जिल्ला, कमालामाई न.पा. वडा नं. ६

**धितोको विवरण**

डम्बर बहादुर थापाको नाममा मालपोत कार्यालय सिन्धुलीमा दर्ता कायम रहेको सिन्धुली जिल्ला, रतनचुरा गा.वि.स. वडा नं. ५ स्थित कित्ता नं. ४१ को क्षेत्रफल ३-२-२-२ भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**ऋणीको नाम, ठेगाना**

**२. नाम : एपोलो फार्मेसी**
नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, घरेलु तथा साना उद्योग, विकाश समिति, शाखा कार्यालय, सिन्धुली
दर्ता नं. १८११/०७१/०७२, दर्ता मिति : २०७२/०३/०१, पान नं. ३०५१६५४३१, दर्ता मिति : २०६९/०६/०८
ठेगाना : सिन्धुली जिल्ला, कमालामाई न.पा. वडा नं. ६, **प्रोप्राइटर : रमा कुमारी श्रेष्ठ**

**जमानतकर्ताको विवरण**

| | |
|---|---|
| **१. नाम : खिल जंग थापा**<br>ना.प्र.नं. ३६८९७, जि.प्र.का. सिन्धुली<br>जारी मिति : २०६१/०२/१७<br>बाबुको नाम : डम्बर बहादुर थापा<br>बाजेको नाम : गंगा बहादुर थापा<br>ठेगाना : सिन्धुली जिल्ला, रतनचुरा गा.वि.स. वडा नं. ५<br>हाल : सिन्धुली जिल्ला, कमालामाई न.पा. वडा नं. ६ | **२. नाम : रमा कुमारी श्रेष्ठ**<br>ना.प्र.नं. ५८, जि.प्र.का. सिन्धुली<br>जारी मिति : २०६२/०९/०९<br>पतिको नाम : खिल जंग थापा<br>ससुराको नाम : डम्बर बहादुर थापा<br>ठेगाना : सिन्धुली जिल्ला, रतनचुरा गा.वि.स. वडा नं. १<br>हाल : सिन्धुली जिल्ला, कमालामाई न.पा. वडा नं. ६ |

**धितोको विवरण**

रमा कुमारी श्रेष्ठको नाममा मालपोत कार्यालय सिन्धुलीमा दर्ता कायम रहेको सिन्धुली जिल्ला, सिद्धेश्वर न.पा. वडा नं. ४ ढ स्थित कित्ता नं. ४६९ को क्षेत्रफल ०-२-५-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**ऋणीको नाम, ठेगाना**

**३. नाम : डम्बर बहादुर सार्की**
ना.प्र.नं. ७०९/६७६६, जि.प्र.का. सिन्धुली, जारी मिति : २०४४/१२/२९
बाबुको नाम : धन बहादुर सार्की, बाजेको नाम : दिल बहादुर सार्की
ठेगाना : सिन्धुली जिल्ला, सिद्धेश्वर गा.वि.स. वडा नं. ६, हाल : सिन्धुली जिल्ला, कमलामाई न.पा. वडा नं. ६

**जमानतकर्ताको विवरण**

| | |
|---|---|
| **१. नाम : बसन्ती सार्की**<br>ना.प्र.नं. २०१०५४/५२७, जि.प्र.का. सिन्धुली<br>जारी मिति : २०६७/०२/१८<br>पतिको नाम : डम्बर बहादुर सार्की<br>ससुराको नाम : धन बहादुर सार्की<br>ठेगाना : सिन्धुली जिल्ला, कमलामाई गा.वि.स. वडा नं. ९<br>हाल : सिन्धुली जिल्ला, कमलामाई न.पा. वडा नं. ६ | **२. नाम : लिला बहादुर सार्की**<br>ना.प्र.नं. २०-०१-७४-०३६०३, जि.प्र.का. सिन्धुली<br>जारी मिति : २०७४/०६/२७<br>बाबुको नाम : डम्बर बहादुर सार्की<br>बाजेको नाम : धन बहादुर साकी<br>ठेगाना : सिन्धुली जिल्ला, कमलामाई न.पा. वडा नं. ६ |

**धितोको विवरण**

डम्बर बहादुर सार्कीको नाममा मालपोत कार्यालय सिन्धुलीमा दर्ता श्रेष्ता कायम रहेको सिन्धुली जिल्ला, सिद्धेश्वर गा.वि.स. वडा नं. ६ घ स्थित कित्ता नं. २४४९ र २७३७ को क्षेत्रफल ०-०-१२-० र ०-१-३-० (बिघा) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**ऋणीको नाम, ठेगाना**

**४. नाम : खिस्मा एण्ड खुशी ढुवानी तथा सप्लायर्स सेवा**
नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं
दर्ता नं. २३४४०२/०७६/०७७, दर्ता मिति : २०७६/१०/२९, पान नं. ६०९७२१४४९, दर्ता मिति : २०७६/१०/२९
ठेगाना : सिन्धुली जिल्ला, कमालामाई न.पा. वडा नं. ६, राममाडी
**प्रोप्राइटर : खिल जंग थापा**

**जमानतकर्ताको विवरण**

| | |
|---|---|
| **१. नाम : खिल जंग थापा**<br>ना.प्र.नं. ३६८९७, जि.प्र.का. सिन्धुली<br>जारी मिति : २०६१/०२/१७<br>बाबुको नाम : डम्बर बहादुर थापा<br>बाजेको नाम : गंगा बहादुर थापा<br>ठेगाना : सिन्धुली जिल्ला, रतनचुरा गा.वि.स. वडा नं. ५<br>हाल : सिन्धुली जिल्ला, कमालामाई न.पा. वडा नं. ६ | **२. नाम : रमा कुमारी श्रेष्ठ**<br>ना.प्र.नं. ५८, जि.प्र.का. सिन्धुली<br>जारी मिति : २०६२/०९/०९<br>पतिको नाम : खिल जंग थापा<br>ससुराको नाम : डम्बर बहादुर थापा<br>ठेगाना : सिन्धुली जिल्ला, रतनचुरा गा.वि.स. वडा नं. १<br>हाल : सिन्धुली जिल्ला, कमालामाई न.पा. वडा नं. ६ |

**धितोको विवरण**

१. रमा कुमारी श्रेष्ठको नाममा मालपोत कार्यालय सिन्धुलीमा दर्ता श्रेष्ता कायम रहेको सिन्धुली जिल्ला, सिद्धेश्वर न.पा. वडा नं. ६ घ स्थित कित्ता नं. ११०१ र १०९९ को क्षेत्रफल क्रमशः ०-०-६-० र ०-०-४-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२. धनी ज्योति विकास बैंक लि. भई ऋणी खिस्मा एण्ड खुशी ढुवानी तथा सप्लायर्स सेवाको नाममा यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको बा ५ ख ८७९३ को को चेसिस नं. MC2K7ERCOKBO64735, ईन्जिन नं. E613CDKB265515 भएको TERRA 16 HDR TIPPER, ना ८ ख ५९७९ को को चेसिस नं. MAT388116K2R01137, ईन्जिन नं. 91A63763627 भएको SK1613TC/36, तथा प्र २ ०४ ००१ ख ०००७ को चेसिस नं. MAT554001M7R07095, ईन्जिन नं. 497TC41CYX611887 भएको ICVTRUTIP TRUCK को सवारी साधन थान ३ ।

**क्र.सं. शाखा कार्यालय : बर्दिबास, महोत्तरी**

**ऋणीको नाम, ठेगाना**

**१. नाम : शिवम पशु फर्म**
प्रदेश सरकार, प्रदेश नं. २, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, जलेश्वर, महोत्तरी
प्रा.फ.नं. ६६७३/८०/०७६/०७७, दर्ता मिति : २०७६/०७/१९, पान नं. ६१२२६८४५२, दर्ता मिति : २०७६/०७/०४
ठेगाना : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. ६, **प्रोप्राईटर : अशोक कुमार सिंह महतो**

**जमानतकर्ताको विवरण**

| | |
|---|---|
| **१. नाम : अशोक कुमार सिंह महतो**<br>ना.प्र.नं. १२७२६५८१, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०६१/०२/३१<br>बाबुको नाम : गुनेश्वर सिह महतो<br>बाजेको नाम : राम प्रसाद सिंह महतो<br>ठेगाना : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. ६ | **२. नाम : शिला देवी महतो**<br>ना.प्र.नं. १८३०७३/२१५, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०३९/०८/१०<br>पतिको नाम : अशोक कुमार सिंह महतो<br>ससुराको नाम : गुनेश्वर सिह महतो<br>ठेगाना : महोत्तरी जिल्ला, गौशाला न.पा. वडा नं. १२ |

**धितोको विवरण**

अशोक कुमार सिंह महतोको नाममा मालपोत कार्यालय बर्दिबास, महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. ६ स्थित कित्ता नं. ५८२ को क्षेत्रफल ०-५-२.५-० (बिगाहा) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**ऋणीको नाम, ठेगाना**

**२. नाम : जय माँ काली खाध्य उद्योग**
प्रदेश सरकार, प्रदेश नं. २, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, जलेश्वर, महोत्तरी
प्रा.फ.नं. ६३८८/१२३/०७५/०७६, दर्ता मिति : २०७६/०२/१४, पान नं. ६०३८९३३७७, दर्ता मिति : २०७२/११/०४
ठेगाना : महोत्तरी जिल्ला, गौशाला न.पा. वडा नं. १२, **प्रोप्राईटर : शिव कुमार महतो**

**जमानतकर्ताको विवरण**

| | |
|---|---|
| **१. नाम : शिव कुमार महतो**<br>ना.प्र.नं. ०४९०४६८८, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०६३/०४/३०<br>बाबुको नाम : राम बहादुर महतो<br>बाजेको नाम : विल्टु महतो<br>ठेगाना : महोत्तरी जिल्ला, गौशाला न.पा. वडा नं. १२ | **२. नाम : रिता कुमारी महतो**<br>ना.प्र.नं. १७६१००/६३३, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०६३/११/२८<br>पतिको नाम : शिव कुमार महतो<br>ससुराको नाम : राम बहादुर महतो<br>ठेगाना : महोत्तरी जिल्ला, गौशाला न.पा. वडा नं. १२ |
| **३. नाम : राम बहादुर महतो**<br>ना.प्र.नं. ०४९०३७००, जि.प्र.का. धनुषा<br>जारी मिति : २०५६/०४/२४<br>बाबुको नाम : विल्टु महतो<br>बाजेको नाम : बाल देब महतो<br>ठेगाना : महोत्तरी जिल्ला, गौशाला न.पा. वडा नं. १२ | **४. नाम : उषा देवी**<br>ना.प्र.नं. ०४९०३७०८, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०५६/०६/१३<br>पतिको नाम : राम बहादुर महतो<br>ससुराको नाम : विल्टु महतो<br>ठेगाना : महोत्तरी जिल्ला, गौशाला न.पा. वडा नं. १२ |

**५. नाम : राम कुमार महतो**
ना.प्र.नं. १८२०६८/५९६, जि.प्र.का. महोत्तरी, जारी मिति : २०६९/०२/०४
बाबुको नाम : राम बहादुर महतो, बाजेको नाम : विल्टु महतो
ठेगाना : महोत्तरी जिल्ला, गौशाला न.पा. वडा नं. १२

**धितोको विवरण**

उषा देवी नाममा मालपोत कार्यालय गौशाला, महोत्तरी दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, गौशाला न.पा. वडा नं. १२ स्थित कित्ता नं. ८४ को क्षेत्रफल ०-१-१-० (विगाहा) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : सिन्धुली, फोन नं. ०४७-५२१०९३, बर्दिबास, महोत्तरी, फोन नं. ०४४-५५०५६६
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

# सिद्धार्थ बैंकद्वारा आर्थिक सहयोग




**टुडे समाचारदाता**

काठमाण्डु । परिस्थितिप्रति गहिरो संवेदना व्यक्तगर्दै सिद्धार्थ बैंक लिमिटेडले विपद् प्रभावितहरूको राहत, उद्धार तथा पुनःस्थापना कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु. २ करोड ५१ लाख आर्थिक सहयोग प्रदान गरेको छ।

उक्त रकमको चेक सिद्धार्थ बैंक लिमिटेडका अध्यक्षश्री राहुल अग्रवाल तथा प्रमुख कार्यकारी अधिकृत श्री रामेश्वर प्रसाद बश्यालले माननीय अर्थमन्त्री डा. स्वर्णिम वाग्लेलाई हस्तान्तरण गरेको छ।

सामाजिक उत्तरदायित्वप्रति प्रतिबद्ध सिद्धार्थ बैंकले कठिन परिस्थितिमा प्रभावित नागरिकहरूको पीडामा साथदिने तथा राहत कार्यलाई थप प्रभावकारी बनाउन योगदान पुऱ्याउने विश्वासका साथ उक्त रकम कोषमा उपलब्ध गराएको छ ।

यस विपद्का कारण ज्यान गुमाउने सम्पूर्ण दिवंगत आत्माप्रति बैंक परिवार हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ तथा शोकाकुल परिवारजन प्रति गहिरो समवेदना व्यक्त समेत गरेको छ । यसका साथै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै प्रभावित समुदायको पुनः स्थापना र सामान्य जनजीवन पुनर्बहालीका लागि भइरहेको सरकारी तथा सरोकारवाला निकायहरूको प्रयास सफल होस् भन्ने कामना गरेको जनाइएको छ।

सिद्धार्थ बैंकले विगतदेखि नै विभिन्न सामाजिक, मानवीय तथा विपद् व्यवस्थापन सम्बन्धी कार्यहरूमा सक्रिय सहभागिता जनाउँदै आएको छ।

## भोटेकोशी बाढीः

# मधेशका १६२ जना सम्पर्कविहीन, ३० जना भेट्यो

**टुडे समाचारदाता**

जनकपुरधाम । चीनको तिब्बतस्थित हिमताल फुट्दा रसुवाको भोटेकोशीमा आएको विध्वंशकारी बाढीमा परेर मधेश प्रदेशका विभिन्न जिल्लाका १९२ जना अझैसम्म पनि सम्पर्कविहीन नै छन् भने ३० जना परिवारको सम्पर्कमा आएका छन् । जसमध्ये १६२ जनाको अवस्था अज्ञात रहेको मधेश प्रदेश प्रहरीले जनाएको छ।

मधेश प्रदेश प्रहरी कार्यालयका प्रवक्ता एवं एसएसपी प्रभ प्रसाद ढकालले जनाए अनुसार बाढीपछि आफन्तले दिएको खोजतलास निवेदनका आधारमा संकलित विवरणअनुसार सप्तरीका ४९ जना सम्पर्कविहीन भएका थिए। जसमध्ये एक जना परिवारको सम्पर्कमा आए पनि ४८ जनाको अवस्था अझै अज्ञात छ।



सिरहाबाट बेपत्ता भएका १० जनामध्ये दुई जना सम्पर्कमा आएका छन् भने ८ जना अझै सम्पर्कविहीन छन् । धनुषाका १३ जनामध्ये ७ जना परिवारको सम्पर्कमा आएका छन् भने ६ जनाको अवस्था अज्ञात रहेको प्रहरीले जनाएको छ।

त्यस्तै, महोत्तरीका १७ जनामध्ये ७ जना सम्पर्कमा आएका छन् भने १० जना अझै बेपत्ता छन्। सर्लाहीबाट बेपत्ता भएका १९ जनामध्ये तीन जना सम्पर्कमा आए पनि १६ जनाको अवस्था अज्ञात छ।

रौतहटबाट हराएका १९ जनामध्ये तीन जना सम्पर्कमा आएका छन् भने १६ जना अझै बेपत्ता छन् । बाराका २५ जनामध्ये दुई जना सम्पर्कमा आए पनि २३ जनाको अवस्था सम्पर्कविहीन नै रहेको छ।

पर्साबाट सम्पर्कविहीन भएका ४० जनामध्ये दुई जना परिवारको सम्पर्कमा आएका छन् भने ३८ जनाको अवस्था अझै थाहा हुन सकेको छैन । यसैगरी, नेपाल प्रहरीमा कार्यरत मधेशका नौ जनामध्ये छ जना सम्पर्कमा आएका छन् भने तीन जना अझै सम्पर्कविहीन छन् । नेपाली सेनामा कार्यरत तीन जनामध्ये एक जना सम्पर्कमा आए पनि दुई जनाको अवस्था अज्ञात रहेको प्रहरीले जनाएको छ।

सम्पर्कविहीनमध्ये अधिकांश जलविद्युत् आयोजनामा कार्यरत रहेको र बाढीका कारण उनीहरू आयोजनाका सुरुङ तथा अन्य संरचनाभित्र फसेको हुनसक्ने आशंका परिवारजनले गरेका छन् ।

रसुवा, धादिङ र नुवाकोटलगायतका क्षेत्रमा रोजगारी, व्यापार तथा व्यवसायका लागि पुगेका मधेसका नागरिक बाढीपछि सम्पर्कमा नआएपछि परिवारजन चिन्तित बनेका छन्।

भदौ १० गते रसुवाको भोटेकोशीमा आएको बाढीमा परेर बेपत्ता भएकाहरूको खोजी तथा उद्धारका लागि आफन्तले सम्बन्धित जिल्ला प्रहरी कार्यालयमा निवेदन दिएका छन् ।

प्रहरीले पनि आफ्ना आफन्त हराएको वा सम्पर्कविहीन भएको भए नजिकको प्रहरी युनिट, इलाका प्रहरी कार्यालय वा प्रहरी चौकीमा आवश्यक विवरणसहित निवेदन दिन आग्रह गरेको छ।

मधेश प्रदेश प्रहरी कार्यालयले सम्पर्कविहीन व्यक्तिहरूको खोजीका लागि रसुवा, धादिङ, नुवाकोटलगायत बाढी प्रभावित जिल्लाका प्रहरी कार्यालयसँग समन्वय गरी काम भइरहेको जनाएको छ।

सो बाढीका कारण फसकेकाहरुको यकिन अवस्था पत्ता लगाउन खोजी तथा पहिचान कार्यको कामलाई तीव्रता दिनका लागि परिवारजनहरुले माग गरेका छन्।

# जउव संघद्वारा राहत संकलन गरिने

**टुडे समाचारदाता**

जनकपुरधाम। चीनको तिब्बतस्थित हिमताल फुट्दा भोटेकोशी नदीमा गएको बाढीले तहसनहस भएको रसुवा, नुवाकोट, धादिंगलगायतको क्षेत्रमा उत्पन्न विपद् तथा संकटको घडीमा पीडितलाई राहत उपब्लध गराउनका लागि जनकपुर उद्योग वाणिज्य संघले पीडितलाई राहतसहितका सामग्री संकलनका लागि टिम गठन गरेको छ।

जनकपुरधाममा आइतबार उद्योग वाणिज्य संघले संघका निवर्तमान अध्यक्ष जितेन्द्र महासेठको अध्यक्षतामा संरक्षण, सल्लाहकारलगायत गरी ९ सदस्यीय समिति गठन गरिएको अध्यक्ष सुरेन्द्र भण्डारीले जानकारी दिए। सो टिमले जनकपुरधाम क्षेत्रबाट पीडितहरुका लागि आवश्यक राहत संकलनलगायतका कार्यहरु गर्ने उनले बताए।

सो राहत संकलनका क्रममा जनकपुरधामका व्यवसायीहरुलाई सहयोग गर्न आग्रह समेत उनले गरे।

# मुलुक विपद् अवस्थाबाट गुज्रिरहेकाले आ-आफ्नो ठाउँबाट सहयोग गरौं : माधव नेपाल

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कम्युनिष्ट पार्टी(नेकपा) का सहसंयोजक माधवकुमार नेपालले मुलुक अहिले संकटबाट गुज्रिरहेकाले सरकारलाई विपद्को घडीमा आ-आफ्नो ठाउँबाट सहयोग गर्न आग्रह गरेका छन् ।

जनकपुरधाममा आइतबार नेपाली कम्युनिष्ट पार्टी(नेकपा) धनुषाको एकता बैठक तथा प्रशिक्षण कार्यक्रममा बोल्दै पूर्वप्रधानमन्त्री नेपालले सरकारको आलोचनाभन्दा पनि सरकारलाई सुझाव दिइ आउने दिनमा पुनः संकट नआओस् र पीडित परिवारले तत्काल राहतसमेत पाउनुपर्ने भन्दै सरकारसंग आग्रह गरे।

उनले जलवायु परिवर्तनको कारण मुलुकमा संकट आएको र विपद्को समयमा सबैको ध्यान सरकारमाथि हुनु आवश्यक रहेको बताए । अहिलेको बाढी पीडितलाई सहयोग गर्नका लागि पार्टीले साथीहरुलाई समेत टिम बनाएर खटाएको उनले बताए ।




उनले जनप्रतिनिधिदेखि नेता तथा कार्यकर्तासम्मलाई विपद्को घडीमा पीडितका लागि राहतका लागि खटाएको स्पष्ट पारे। उनले पार्टीको तर्फबाट सरकारलाई सहयोग गरेको जनाउँदै नेता तथा कार्यकर्तालाई समेत सहयोग गर्न अपील गरे।

हराएका व्यक्तिहरुको खोज तलास गर्न र गाडिएका शवहरु निकालेर आफ्न्तको जिम्मा लगाउन आफूले सरकारलाई सुझाव दिएको सहसंयोजक नेपालले बताए । उनले भारतमा समेत बगेर शवहरु भेटिरहेको जानकारी गराउँदै सरकारलाई त्यसतर्फ पनि ध्यानाकर्षण गराए। राहत वितरण र समस्यामा परेकाहरुलाई साथ दिन सरकारलाई पार्टीले सहयोग गर्ने उनले प्रतिब्द्धता जाहेर गरे।

उनले सरकारलाई आगामी दिनहरुमा फेरि पनि यस्तै विपद्को सामना गर्नुपरे त्यसका निम्ति अहिलेदेखि नै तयार रहनका लागि बन्दोबस्त गरेर राख्न पनि सुझाव दिए । आफू प्रधानमन्त्री भएको समयमा जलवायु संरक्षण गर्ने उदाहरण प्रस्तुत गर्न सगरमाथामा क्याबिनेटको बैठक बसेको सुनाउँदै सहसंयोजक नेपालले प्रकृतिको संरक्षण गर्नुपर्नेमा जोड दिए।

सहसंयोजक नेपालले पार्टीका नेता तथा कार्यकर्ताहरुलाई वडास्तरसम्म गएर आफ्नो पार्टीले विगतमा गरेका कामकाजहरुबारे जानकारी गराउन निर्देशन दिए। उनले प्रचारप्रसारमा आफूहरु चुकेको स्विकार्दै अब जनतामाझ गएर आफू र आफ्नो पार्टीले गरेका कामहरु बारे टिपोट गरेर अवगत गराउने बताए।

सो कार्यक्रममा ५५१ सदस्यीय जिल्ला कार्य समितिका सदस्यले शपथग्रहणसमेत गरे।

नेकपा धनुषाका संयोजक दीपक यादवको संयोजकत्वमा भएको सो एकता बैठक तथा प्रशिक्षण कार्यक्रममा नेकपा मधेश प्रदेश इन्चार्ज महेन्द्र राय यादव, मधेश प्रदेशकी सांसद सुनिता यादव, नेकपा धनुषाका इन्चार्ज सत्रुधन महतो, पार्टी धनुषाका सहइन्चार्ज झल्कु यादवलागयतकाहरुले शुभकामना मन्तव्य व्यक्त गरेका थिए।

# मोनास्टिकद्वारा ५ लाख १ हजार सहयोग

**टुडे समाचारदाता**

जनकपुरधाम । प्राकृतिक विपत्तिबाट प्रभावित परिवारको सहयोगका लागि जनकपुरधामस्थित मोनास्टिक स्कुल/कलेजले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा ५ लाख १ हजार रुपैयाँ सहयोग प्रदान गरेको छ।



विपत्तिका कारण ठूलो जनधनको क्षति भइरहेका बेला पीडित परिवारको राहत तथा पुनःस्थापनामा सहयोग पुगोस् भन्ने उद्देश्यले विद्यालयले सो रकम सहयोग गरेको छ। विद्यालयका निर्देशक डा. सोनु साहले विपद्का बेला पीडितको साथमा उभिनु सामाजिक दायित्व भएको बताए । उनले विद्यालयले गरेको सहयोग रकम ठूलो नभए पनि विपत्तिमा परेका परिवारलाई केही राहत र हौसला मिलोस् भन्ने उद्देश्यले सहयोग गरिएको बताए।

निर्देशक डा. साहले भने, ' विपत्तिको समयमा पीडित परिवारलाई सहयोग गर्नु सबैको साझा दायित्व हो। हाम्रो यो सहयोग सानो भए पनि पीडितको दुःखमा साथ र ऐक्यबद्धता प्रकट गर्ने प्रयास हो। समाजका हरेक वर्ग र संस्थाले आफ्नो क्षमताअनुसार सहयोग गर्न सके विपद्बाट प्रभावित नागरिकलाई राहत पुग्नेछ।'

विद्यालयले प्राकृतिक विपत्तिबाट प्रभावित सबै परिवारप्रति सहानुभूति व्यक्त गर्दै संकटको यस घडीमा एकजुट भएर सहयोग र सहकार्य गर्न सबैमा आग्रहसमेत गरेको छ।

प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा हुने उक्त रकम प्राकृतिक विपत्तिबाट प्रभावित नागरिकको राहत तथा उद्धार कार्यमा उपयोग हुने उनले बताए।

# लागु औषधसहित एक युवक पक्राउ

**टुडे समाचारदाता**

सिरहा। सिराहामा लागु औषध ब्राउन सुगर सहित एकजना युवक पक्राउ परेको प्रहरीले जनाएको छ। जिल्ला प्रहरी कार्यालय सिराहाले जनाए अनुसार विशेष सूचनाको आधारमा शनिबार राति चेकजाँचको क्रममा लागुऔषध र मोटरसाइकल सहित युवक पक्राउ परेका छन् ।

सिराहा नगरपालिका वडा नम्बर १५ स्थित बुधौरामा भारतबाट नेपाल तर्फ आउँदै गरेको प्रदेश ०२-००१ प ००७० नम्बरको मोटरसाइकल रोकी चेकजाँच गर्दा चालक सिराहा, गोलबजार नगरपालिका वडा नं. ७ बस्ने २६ वर्षीय राकेश यादव पक्राउ परेका छन् ।

सिराहा प्रहरी प्रवक्ता रमेश बहादुर पालले जनाए अनुसार मोटरसाइकलको भाइजर भित्र कालो प्लास्टिकमा लुकाई राखेको अवस्थामा लागूऔषध ब्राउन सुगर ६ ग्राम १ सय ३० मिलिग्राम फेला परेको छ। पक्राउ परेका युवकलाई मोटरसाइकल सहित थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालयमा ल्याई थप अनुसन्धान थालेको सिरहा प्रहरीले जनाएको छ।

# कावासोतीमा बस र ट्रक दुर्घटना, ३२ जना घाइते

**टुडे समाचारदाता**

नवलपुर । नवलपुरको कावासेती -१६ डण्डामा बस र ट्रक ठोक्किएर भएको दुर्घटनामा ३२ जना घाइते भएका छन् ।

पर्साको वीरगञ्जबाट बुटवलतर्फ जाने क्रममा खाना खानको लागि पूर्व-पश्चिम राजमार्गमा राजमार्गमा रोकिराखेको ना ८ ख ६१४५ नम्बरको फलामको पाइप लोड भएको ट्रकको पछाडि काठमाडौंबाट बर्दियातर्फ जाँदै गरेको लु. प्र.०१-००१ ख ०३८६ नम्बरको बस ओभरटेक गर्ने क्रममा ठोकिन गई दुर्घटना भएको प्रहरीले जनाएको छ।

बसमा ३८ जान सवार रहेकामध्ये ३२ जना घाइते भई उपचारका लागि मध्यविन्दु प्रादेशिक अस्पताल डण्डा पठाइएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी, प्रहरी नायव उपरीक्षक अनिल पण्डितले जानकारी दिए । दुई जनालाई थप उपचारका लागि चितवन रेफर गरिएको छ।



दुर्घटनामा बसका चालक सल्यान कालिमाटी गाउँपालिका -६ बस्ने २७ वर्षका तुलाराम थापा मगर, सहचालक बर्दिया बासगडी -६ का २३ वर्षीय अनिष गुरुङ, रुकुमपूर्व शारदा नगरपालिका -६ का ३६ वर्षीया ममता परियार, सुर्खेत बिरेन्द्रनगर नगरपालिका -५ का ३३ वर्षीया रिता गन्दर्भ घाइते भएका छन्।

त्यस्तै, बाँके कोहलपुर -११ की ३९ वर्षीया श्यामु बि.क., अछाम पञ्चदेवल नगरपालिका -८ का २६ वर्षीय बिनोद नेपाली, बर्दिया राजापुर -७ का २२ वर्षीय निरज थारु, बाँके बैजनाथ -३ का वर्ष १९ का करण सिङ ठकुरी, जुम्ला कन्कासुन्दरी-५ का बर्ष २८ का महेन्द्र कडरा, सुर्खेत बिरेन्द्रनगर-५ बस्ने २९ वर्षीया सपना बैदार र पश्चिम रुकुम चौरजहारी नगरपालिका-११ बस्ने बर्ष ३७ का तिलक परियार घाइते भएका छन् ।

त्यस्तै, कालिकोट खाडचन्द्र नगरपालिका -१ बस्ने बर्ष ३२ का लक्ष्मण परियार, बर्दिया बाँसगढी -१ बस्ने २३ वर्षकी अमृता परियार, बाराबर्दिया नगरपालिका -१ बस्ने ३३ वर्षका राजकुमार चौधरी, २७ वर्षका दिनेशकुमार थारु, २५ वर्षीय छबिलाल चौधरी, ३२ वर्षका सन्तोष थारु, बाँके बैजनाथ गाउँपालिका -३ का बर्ष २० की तुलसी सिंह ठकुरी, बर्दिया बाराबर्दिया -१ बस्ने ३२ वर्षकी रुनकुमार चौधरी, ३३ वर्षका रामगोपाल थारु, ३० वर्षका राकेश चौधरी, ३३ वर्षका रामकृष्ण चौधरी, २५ वर्षका कृष्णप्रसाद चौधरी, वर्ष ३८ का मरिचमान थारु, वर्ष ४२ का पूर्णराम थारु र ३३ वर्षका लहान थारु घाइते भएको प्रहरीले जनाएको छ।

सल्यान कालीमाटी गाउँपालिका -५ काल्चे बस्ने बर्ष २८ का कुमबहादुर घर्तिमगर, ३८ वर्षका मणिराम थारु, २४ वर्षका नरेश थारु, २९ वर्षका श्रीराम चौधरी, वर्ष ३५ का करण थारु, बाँके कोहलपुरका २१ वर्षीय नविन शर्मा घाइते भएका छन् । घाइतेमध्ये रिता गन्दर्भ र तिलक परियारलाई थप उपचारका लागि पुरानो मेडिकल कलेजमा रिफर गरिएको प्रहरीले जनाएको छ।

ट्रक र ट्रक चालक बारा निजगढ नगरपालिका -११ का २५ वर्षका अभिषेक कुँवर प्रहरी नियन्त्रणमा रहेको र बसचालक पनि डिस्चार्ज भई नियन्त्रणमा लिएको प्रहरी नायव उपरीक्षक पण्डितले बताए।




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८